का.जि.प्र.का.द.नं. १००/०५९/६०
१२ वैशाख २०८२,
शुक्रबार
25 April, 2025
Friday
मूल्य रु. ५/-

# मध्यान्ह
राष्ट्रिय दैनिक

ईपेपर हेर्नु

वर्ष २३, अंक ८२ । पृष्ठ ८ | Madhyanha National Daily | www.madhyanhadaily.com



गोरखा भूकम्पको १० वर्ष

# दशकमा नखुलेको चेत



सुरक्षित घर बनाउन पहिलो प्राथमिकता दिनुपर्छ भन्ने विगतका भूकम्पबाट पाठ सिकिएको छैन

■ तारानिधि भट्टराई
भूगर्भविद्

निमिष झा/मध्यान्ह
काठमाडौं, ११ वैशाख ।

करिब ९ हजार जनाको ज्यान गएको २०७२ सालको भूकम्प गएको आज शुक्रबार १० वर्ष पुगेको छ । १२ वैशाख २०७२ मा गोरखाको बारपाक केन्द्रबिन्दु बनाएर ७ दशमलव ८ म्याग्निच्युडको भूकम्प गएको थियो । भूकम्पबाट गोरखासहित १४ जिल्ला अतिप्रभावित बने भने ३१ जिल्लामा क्षति भयो ।

भूकम्पबाट २२ हजारजति घाइते भए भने ५ लाख घर पूर्ण ध्वस्त भएका थिए । यस्तै, करिब ९ लाख भवन क्षति भएका थिए । भूकम्पबाट ९०० सम्पदा पूर्ण र आंशिक क्षति भएका थिए । ९ हजार सरकारी भवनहरू क्षतिग्रस्त भएका थिए । यो १० वर्षको अवधिमा भूकम्पले क्षति भएका अधिकांश संरचना पुनर्निर्माण भएका छन् भने केही पुनर्निर्माणको चरणमा छन् । पृष्ठ २ मा

## नसिकेको पाठ

नेपाल भूकम्पीय जोखिममा रहेको हुँदा भूकम्पप्रतिरोधी संरचना निर्माण गर्न सकिए मात्र क्षति न्यूनीकरण गर्न सकिने विज्ञहरू बताउँछन् । गोरखापछि जाजरकोटम, रुकुम र सल्यानमा गएको भूकम्पबाट पाठ अझै सिक्न नसकेकामा विज्ञहरू चिन्ता व्यक्त गर्छन् ।

१० वर्षअघिको विनाशकारी दिन सम्झेर सचेत हुने र हरदम हामी भूकम्पीय जोखिममा छौं भन्ने बिर्सनु नहुने उनीहरू सुझाव दिन्छन् । गोरखा भूकम्पमा काठमाडौं उपत्यकामा माटो कमजोर भएका ठाउँमा पृष्ठ २ मा

## उच्च जोखिम कायमै

नेपालको पश्चिम क्षेत्र विशेषगरी पोखरादेखि पश्चिमको भागमा सन् १५०५ देखि ठूलो भूकम्प गएको छैन । त्यस क्षेत्रमा विगत करिब ५०० वर्षमा ठूलो भूकम्प जान सक्नेगरी शक्ति संचय भइसकेको धेरै अध्ययनहरूले देखाएका छन् ।

त्यस्तै, नेपाली वैज्ञानिकहरूसहित संलग्न एउटा अनुसन्धानले काठमाडौंलगायत नेपालको पूर्वी भाग पनि अझै उच्च जोखिममा रहेको र विगत करिब १ हजार वर्षमा यस क्षेत्रमा ठूलो भूकम्प नगएको तथा गत भूकम्पमा पनि यस क्षेत्रमा जम्मा भएको शक्तिको केही पृष्ठ २ मा

## जाजरकोटको शिक्षा

१७ कात्तिक २०८० मा जाजरकोटमा ६ दशमलव ४ म्याग्निच्युडको भूकम्प जाँदा १५७ जनाको मृत्यु भएको थियो । भूकम्पको तुलनात्मक रूपमा कम म्याग्निच्युड भए तापनि यस क्षेत्रमा कम गुणस्तरको निर्माण भएका कारण मानवीय क्षति बढी भएको जानकारहरू बताउँछन् ।

राष्ट्रिय भूकम्प मापन तथा अनुसन्धान केन्द्रका अनुसार १७ कात्तिक २०८० देखि ३ वैशाख २०८२ सम्म जाजरकोट र त्यस आसपास केन्द्र बनाएर ८५३ परकम्प गएका हुन् । यी परकम्पबाट जनधनको ठूलो क्षति नभए पृष्ठ २ मा

# शक्ति जुटाउने रणनीतिमा शशांक



जीवन शर्मा/मध्यान्ह
काठमाडौं, ११ वैशाख ।

नेपाली कांग्रेसका पूर्वमहामन्त्रीसमेत रहेका सांसद डा. शशांक कोइराला आफ्नो पक्षमा शक्ति जुटाउन पुराना नेताहरूको मन जित्ने रणनीतिमा लागेका छन् । पार्टीको आगामी १५औं महाधिवेशनमा पार्टी सभापतिको प्रतिस्पर्धामा रहेका कोइराला पुराना नेताहरूको सहयोग जुटाउने रणनीतिमा लागेका हुन् ।

सोही प्रयोजनका लागि नेता कोइरालाले बिहीबार महाराजगंजस्थित आफ्नै निवासमा प्रभावशाली ७ नेताहरूको बैठक राखेका छन् । बैठकमा पूर्वउपसभापति विमलेन्द्र निधि, प्रकाशमान सिंह, कृष्णप्रसाद सिटौला, विजयकुमार गच्छदार, डा. प्रकाशशरण महत र गोपालमान श्रेष्ठ सहभागी थिए । लोकतन्त्र दिवसको अवसरमा बिहीबार बिहान चियापान कार्यक्रम आयोजना गरेका नेता कोइराला सभापति शेरबहादुर देउवाका उत्तराधिकारी बन्न चाहन्छन् । तर, संस्थापन पक्षबाट पार्टी सभापतिका लागि आधा दर्जन नेताहरू दौडमा छन् ।

आकांक्षीको लामो लाइनलाई छिचोल्दै संस्थापन पक्षको एकल उम्मेदवार बन्ने रणनीतिअनुसार नेता कोइरालाले पृष्ठ २ मा

## एमसीसी परियोजना बन्द, के हुन्छ असर ?




छबि सापकोटा/मध्यान्ह
काठमाडौं, ११ वैशाख ।

अमेरिकी सहयोग परियोजना 'मिलेनियम च्यालेन्ज कर्पोरेसन' (एमसीसी) बन्द हुने भएको छ । विकासशील देशहरूसँग साझेदारी गरेर आर्थिक वृद्धिलाई प्रवर्द्धन गर्ने संस्था एलन मस्क नेतृत्वको डिपार्टमेन्ट अफ गभर्नमेन्ट एफिसिएन्सी (डज)ले एमसीसी परियोजना १ महिनाभित्र बन्द गर्ने निर्णय गरेको हो ।

नेपालमा एमसीसी पास हुनुअघि ठूलो राजनीतिक द्वन्द्व सृजना गरेको थियो । एससीसीको चर्को विरोध र समर्थनकै बीच संसद्बाट पास गरिएको थियो ।

अमेरिका एमसीसीका कर्मचारीहरूलाई एमसीसीका कार्यक्रम बन्द गर्ने र कर्मचारी संख्यासमेत घटाउने प्रक्रियामा जुटेको छ । एमसीसी बन्द भएपछि अमेरिकाबाट आउने अनुदान रोकिने निश्चित जस्तै भएको हो । अमेरिकाले औपचारिक रूपमा पत्र भने पठाएको छैन । अमेरिकी राष्ट्रपतिमा पृष्ठ २ मा

वैदेशिक रोजगार विशेष

## मापदण्डअनुसार मेडिकल बनाउन करोड लगानी थप्नुपर्ने

मध्यान्ह संवाददाता
काठमाडौं, ११ वैशाख ।

श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले तोकेको मापदण्डअनुसार उपकरणहरू थप गर्न व्यवसायीलाई लगभग १ करोड लगानी थप गर्नुपर्ने भएको छ । श्रम मन्त्रालयले गत चैत १५ गते वैदेशिक रोजगारीमा जाने कामदारको स्वास्थ्य परीक्षण शुल्क ६ हजार ५०० रुपैयाँबाट बढाएर ९ हजार ५०० रूपैयाँ गराई २ महिनाभित्र उपकरणहरू थप गरेर स्वास्थ्य परीक्षणलाई गुणस्तरीय बनाउन निर्देशन दिएको थियो ।

मन्त्रालयले स्वास्थ्य परीक्षण गुणस्तरीय बनाई त्यसको प्रामाणिकताका लागि डिजिटाइजेसन गर्ने बताएको छ । पृष्ठ २ मा

### विदेश पठाउने भन्दै ठग्ने ५ बंगलादेशी पक्राउ

**काठमाडौं/मस-** विभिन्न युरोपेली मुलुकमा पठाउने भन्दै आफ्ना देशका नागरिकलाई नेपाल ल्याएर ठगी गरेको आरोपमा बंगलादेशका ५ जना नागरिक पक्राउ परेका छन् । काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालयको टोलीले उनीहरूलाई काठमाडौंका विभिन्न स्थानहरूबाट पक्राउ गरेको बताएको छ । पक्राउ पर्नेहरूमा ४१ वर्षीय मोहमद फर्साद हुसैन चौधरी, ५० वर्षीय मोहमद मुस्ताफिजुर रहमान, ४० वर्षीय अजिम मोलिक र ४६ वर्षीय अबु युसुफ एमडी हान्सिफ रहेका छन् । पृष्ठ २ मा

# आजदेखि वर्षे अधिवेशन

## बजेटसँगै विधेयक अघि बढाइने

संघीय संसद् सचिवालयका अनुसार जुनसुकै दिन संसद्मा जुनसुकै विधेयक प्रस्तुत गर्न सकिने अवस्था प्रतिनिधिसभाको क्यालेन्डरमा सुरक्षित गरिने छ



नीति तथा कार्यक्रम र बजेटका प्राविधिक सीमालाई ध्यान दिँदै शिक्षा, निजामतीलगायतका विधेयक वर्षे अधिवेशनमा पारित गर्न तयारी अवस्थामा रहनुपर्छ

■ देवराज घिमिरे
सभामुख

दिवाकर अधिकारी/मध्यान्ह
काठमाडौं, ११ वैशाख ।

संघीय संसद् सचिवालय वर्षे अधिवेशनको तयारीमा जुटेको छ । बजेट अधिवेशनका रूपमा समेत लिइने यो अधिवेशन शुक्रबारदेखि सुरु हुँदै छ ।

राष्ट्रपति रामचन्द्र पौडेलबाट मन्त्रिपरिषद्को सिफारिसमा संसद्को दुवै सदनको अधिवेशन आह्वान भएकाले शुक्रबार दिउँसो १ बजे नयाँ बानेश्वरस्थित संघीय संसद् भवनमा अधिवेशन सुरु हुने छ ।

संसद्को हिउँदे अधिवेशन १८ चैत अन्त्य भएको थियो । राष्ट्रपतिले प्रत्येक वर्षको पहिलो अधिवेशन प्रारम्भ भएपछि संघीय संसद्को दुवै सदनको संयुक्त बैठकलाई सम्बोधन गर्न सक्ने व्यवस्था छ । राष्ट्रपतिबाट नीति तथा कार्यक्रममार्फत संसद्लाई सम्बोधन हुने छ ।

संवैधानिक व्यवस्थाअनुसार १५ जेठमा आगामी आर्थिक वर्षका लागि अर्थमन्त्रीले बजेट प्रस्तुत गर्ने छन् । यस अधिवेशनलाई बजेट अधिवेशनका नामले पनि चिनिन्छ ।

सभामुख देवराज घिमिरेका अनुसार वर्षे अधिवेशनमा बजेटसँगै विधेयक पनि अघि बढाइने छ । संविधानअनुसार बन्न बाँकी ऐन र अन्य महत्त्वपूर्ण विधेयक बजेट अधिवेशनमा समेत अगाडि बढाउन पृष्ठ २ मा

कर्मचारी आवश्यकता
यस म्यानपावर कम्पनीको लागि कर्मचारी आवश्यकता भएको हुँदा दक्ष व्यक्तिहरुले आफ्नो योग्यताको प्रमाणपत्रका साथ सम्पर्क गर्नुहोला ।
Manager - 1 (Male/Female)
Public Relation Officer(PRO) - 2 (Male/Female)
• 2 years experience in Related Fields.
आकर्षक तलब साथै बोनसको व्यवस्था
SEND YOUR CV: info@allasiaoverseas.com
ALL ASIA OVERSEAS PVT.LTD. Govt License No 1305/074/075
Gaushala, Kathmandu-7, Nepal, Tel No: +977-1- 4621975, 4621918, Web: www.allasiaoverseas.com

मध्यान्ह
www.madhyanhadaily.com



# युवा कार्यकर्तालाई मिसन ८४ मा लाग्न प्रधानमन्त्रीको आग्रह

**काठमाडौं/मस-** प्रधानमन्त्री एवं नेकपा (एमाले) का अध्यक्ष केपी शर्मा ओलीले सरकारको चिन्ता नगरी मिसन ०८४ मा लाग्न युवा कार्यकर्ताहरुलाई आग्रह गरेका छन्। बिहीबार लोकतन्त्रको स्थापना दिवसको अवसरमा नेकपा (एमाले)ले आयोजना गरेको 'युथ से लिब्रेसन'मा बोल्दै अध्यक्ष ओलीले यस्तो आग्रह गरेका हुन्। उनले कांग्रेस-एमालेको संयुक्त सरकार स्थिरता र स्थायित्वको लागि बनेको जिकिर गरे। उनले सरकार मुलुकलाई स्थायित्व दिने ध्याउन्नमा अगाडि बढिरहेको उल्लेख गर्दै सरकारको चिन्ता नगर्न समेत आग्रह गरे। उनले नेकपा एमालेको ध्यान सरकारमा नभइ चुनाव केन्द्रित हुने समेत टिप्पणी गरे। संसदको बनावटअनुसार देशलाई ठिक ढंगले अगाडि बढाउने प्रयास पार्टीले



गरिरहने उनको दाबी छ।

उनले भने, 'यतिबेला नेकपा (एमाले) र नेपाली कांग्रेसबीच बनेको संयुक्त सरकार एउटा संकल्पका साथ बनेको सरकार हो। यो स्थिरता र स्थायित्वका लागि बनेको सरकार हो। र यसले स्थिरता र स्थायित्व दिन्छ। त्यही ध्याउन्नमा अगाडि बढिरहेको छ। सरकारको बारेमा धेरै चिन्ता गर्ने होइन। चुनावको बारेमा चिन्ता गर्नुपर्दछ। त्यसैकारण नेकपा (एमाले) ले सरकार बनाउ र सरकार बचाउ भनेर कराएको छैन। नेकपा एमालेले जहिले पनि के भन्छ भने चुनाव हेरेको हुन्छ। हामीले ०७० को चुनाव हेर्‍यौं। ०७४को चुनाव भन्यौं, ०७९ को चुनाव भन्यौं र ०८४ को चुनाव भनिरहेका छौं। मिसन ०८४ भनेका छौं। म साथिहरुलाई आग्रह गर्न चाहान्छु ढुक्कले मिसन ०८४ मा लाग्नुस्। सरकार चलाउने, सरकारको नेतृत्व गर्ने काममा अहिलेको संसदको बनावट अनुसार देशलाई ठिक ढंग अगाडि बढाउने प्रयास नेकपा एमालेले गर्नेछ। त्यसकारण यस कुरामा चिन्ता नगर्नुस्। मिसन ०८४ मा ध्यान दिनुस्।' स्वदेशी तथा विदेशी तत्वहरु मुलुकलाई प्रतिगमनतिर धकेल्ने काम गरिरहेको प्रधानमन्त्री ओलीको आरोप छ।

# आन्दोलनमा चिकित्सक : स्वास्थ्य सेवा ठप्प पार्ने चेतावनी

**काठमाडौं/मस-**सरकारले तोकेको न्युनतम पारिश्रमीक नदिएको भन्दै चिकित्सकहरु पनि आन्दोलित बनेका छन्। बिहीबार काठमाडौंको माईतीघर मण्डलामा चिकित्सकहरुले प्रदर्शन गरेका हुन्। उनीहरुले सरकारले तोकेअनुसार न्युनतम पारिश्रमीक नदिएर श्रम शोषण गरेको आरोप लगाएका छन्। बिहीबार स्वास्थ्य तथा जनसंख्या मन्त्रालय घेराउ गर्न जान लागेका उनीहरुलाई माईतीघरमै प्रहरीले रोकेको थियो।

त्यसपछि स्वास्थ्य तथा जनसंख्यामन्त्री प्रदीप पौडेलले आन्दोलनरत चिकित्सकहरुलाई वार्तामा बोलाएर छलफल गरेका थिए। चिकित्सक संघले आफ्ना मागहरू पूरा नभए वैशाख १२ गते देशभरका आकस्मिक तथा सघन उपचार सेवा बाहेक सम्पूर्ण स्वास्थ्य सेवा ठप्प पार्ने चेतावनी दिएको छ। उनीहरूले चिकित्सा आयोगद्वारा निर्धारित आठौं तहको तलब संरचना कार्यान्वयन र शैक्षिक प्रगतिको संरक्षणका लागि पहल गर्न सरकारसँग माग गरेका छन्। सरकारी आठौं तहको तलब सुविधा दिन स्वास्थ्यमन्त्रीको निर्देशन स्वास्थ्य तथा जनसंख्यामन्त्री पौडेलले आवासीय चिकित्सकलाई सरकारी आठौं तहको तलब सुविधा दिने चिकित्सा शिक्षा आयोगको निर्णय तत्काल कार्यान्वयन गर्न निजी मेडिकल कलेजहरुलाई निर्देशन दिएका छन्। बिहीबार नेपाल चिकित्सक संघ र आवासीय चिकित्सकका प्रतिनिधिहरुबीच मन्त्रालयमा भएको वार्तामा बोल्दै मन्त्री पौडेलले यस्तो निर्देशन दिएका हुन्।

गत माघ २५ गते बसेको चिकित्सा शिक्षा आयोगको बैठकले निजी मेडिकल कलेजमा अध्ययनरत आवासीय चिकित्सकलाई सरकारी सरह (आठौं तह)को निर्वाह भत्ता उपलब्ध गराउने निर्णय गरेको थियो। आवासीय चिकित्सकको समान सुविधा (मासिक ४८ हजार सात सय रुपैयाँ) कायम गर्ने निर्णय गर्दै उक्त निर्णय कार्यान्वयन गर्न निर्देशन दिइएको थियो। तर निजी मेडिकल कलेजहरुले उक्त निर्णय कार्यान्वयन नगरेको भन्दै आवासीय चिकित्सकहरु आन्दोलित भएका हुन्। मन्त्री पौडेलले चिकित्सा शिक्षा आयोगले दिएको निर्देशन कार्यान्वयन नगरेसम्म निजी मेडिकल कलेजहरुलाई सरकारले दिने कुनैपनि सुविधा उपलब्ध नगराउने घोषणा गरे। मन्त्री पौडेलले आन्दोलन फिर्ता लिएर मुलुकको उपचारात्मक प्रणालीमा सहयोग गर्न समेत चिकित्सकहरुलाई आग्रह गरे। उनले चिकित्सा क्षेत्रका समस्या र चिकित्सकका मागहरुप्रति सरकार संवेदनशील भएको उल्लेख गर्दै समाधानको बाटोमा अघि बढ्ने आश्वासन दिए।

वार्तामा बोल्दै नेपाल नेपाल चिकित्सक संघका अध्यक्ष डा.अनिल कार्कीले नेपालमा अध्ययनरत आवासीय चिकित्सकहरुलाई हप्तामा बढीमा ७२ घण्टा मात्रै काम गर्न लगाउन भनि मेडिकल कलेजको नाममा सर्कुलर जारी गर्न अनुरोध गरे।

# कोशी प्रदेश चिकित्सक संघले प्रधानमन्त्रीलाई पठायो ज्ञापनपत्र

**जुनु भट्टराई/मध्यान्ह**
विराटनगर, ११ वैशाख

देशभरका आवासीय चिकित्सकहरू विभिन्न मागसहित आन्दोलनरत रहेका बेला नेपाल चिकित्सक संघ कोशी प्रदेश शाखाले मोरङ र सुनसरीका प्रमुख जिल्ला अधिकारीमार्फत प्रधानमन्त्रीलाई ज्ञापनपत्र बुझाउँदै ऐक्यबद्धता जनाएको छ। संघका अध्यक्ष डा.राजेन्द्र चौधरी, महासचिव डा. बालकृष्ण साह, अन्य पदाधिकारी, आवासीय चिकित्सक तथा मेडिकल अफिसरसहितको टोलीले मोरङ जिल्ला प्रशासन कार्यालय पुगेर औपचारिक रूपमा ज्ञापनपत्र बुझाएको हो।

बिहीबार संघको संशनिहाटस्थित कार्यालयबाट र्‍यालीसहित निस्किएको टोलीले जिल्ला प्रशासन कार्यालय परिसरमै धर्ना पनि दिएको थियो। त्यस्तै, संघका प्रदेश प्रतिनिधि र इनरुवा अस्पतालका चिकित्सकहरूको



अर्को टोलीले सुनसरी जिल्ला प्रशासन कार्यालयमार्फत पनि प्रधानमन्त्रीलाई ज्ञापनपत्र बुझाएको छ।

ज्ञापनपत्रमा सरकारले आठौं तहका चिकित्सक सरहको सेवा, सुविधा र निर्वाह भत्ता दिने निर्णय गरे पनि निजी मेडिकल कलेजहरूले उक्त निर्णय कार्यान्वयन नगरेको भन्दै समान सेवा दिइरहेका चिकित्सकहरूबीचको विभेद अन्त्य गर्नुपर्ने माग गरिएको छ।

त्यसैगरी, विश्व स्वास्थ्य संगठनले चिकित्सकहरूको साप्ताहिक कार्यसमय ४० देखि ४८ घण्टा उपयुक्त मानेको सन्दर्भमा नेपालमा आवासीय चिकित्सकहरूले दैनिक १२ देखि २४ घण्टासम्म सेवा दिइरहेको, सातै दिन अस्पतालमै बस्नुपर्ने अवस्थाको अन्त्य गर्न व्यवहारिक कार्यसमय निर्धारण गर्नुपर्ने माग गरिएको छ।

तेस्रो मागमा सरकारले देशभरका चिकित्सकहरूको भावना र स्वास्थ्य सेवा प्रणालीप्रतिको चिन्तालाई गम्भीर रूपमा लिनुपर्ने उल्लेख छ।

महासचिव डा.साहले आन्दोलन केवल कोशी प्रदेशमा सीमित नभई देशभरमै नेपाल चिकित्सक संघको केन्द्रीय निर्देशनअनुसार सञ्चालन भइरहेको स्पष्ट पारे। 'आन्दोलनको कार्यक्रम हाम्रो प्रदेशमा मात्र होइन, केन्द्रबाट तय भएको कार्यतालिका अनुसार सिंगो देशभर निरन्तर जारी छ,' उनले भने, 'माग पूरा नभए आन्दोलन अझ सशक्त ढंगले अगाडि बढ्छ।'

आन्दोलनरत चिकित्सकहरूले यो आन्दोलन सुविधा प्राप्तिको लागि मात्र नभइ स्वास्थ्य क्षेत्रको संरचनात्मक सुधारका लागि भएको बताएका छन्। उनीहरूका अनुसार, बिरामीको प्रत्यक्ष सेवामा खटिने आवासीय चिकित्सकहरू लामो समयदेखि शोषण र अव्यवस्थित कार्यसमयको चपेटामा परिरहेका छन्।

**दशकमा...**

नेपालको भौगर्भिक अवस्थितिले गर्दा हिमालय नजिक भूकम्पको जाने सम्भावना सधैं भएको वैज्ञानिकहरू बताउँछन्। उनीहरूका अनुसार ठूलो भूकम्प गएपछि अरू भूकम्प जानु स्वाभाविक हो। ती साना भूकम्प अर्थात् परकम्पले भूगर्भमा संचित ऊर्जा थोरैथोरै गरेर निष्कासन हुने र पहिला चलमलाएका चट्टानहरू पनि बिस्तारै सन्तुलनमा आउने बताइन्छ।

**नसिकेको ...**

बनेका र डिजाइन नगरेर बनाइएका अधिकांश भवन भत्किएका विभिन्न अध्ययनले देखाएका छन्। मुख्यत: घरधनी आफैंले डिजाइन गरेर बनाएका घर, मापदण्ड पूरा नगरी बनाइएका घर, माटोको परीक्षण नगरी बनाएका घर र निकै पुराना घरहरू धेरै भत्किएका थिए। २०७२ सालको भूकम्पपछि सरकारले सन् २०२० मा भवन संहिता परिमार्जन गरेर भवन संहिता ऐन ल्याएको थियो। तर, यसको कार्यान्वयन पक्ष भने फितलो छ।

**उच्च...**

मात्रामा खर्च भएको देखाएको छ। यसको अर्थ नेपालका पूर्व वा पश्चिम सबै क्षेत्रमा जुनसुकै बेला पनि ठूलो भूकम्प जान सक्छ भन्ने नै हो। त्यस कारण गोरखा भूकम्पले क्षतिग्रस्त क्षेत्रमा मात्र होइन, पूरा नेपालभर भूकम्पप्रतिरोधी निर्माणलाई राष्ट्रिय प्राथमिकतामा पार्नुपर्ने विज्ञहरूको सुझाव छ। विज्ञहरूका अनुसार पश्चिममा अफगानिस्तानदेखि पूर्वमा म्यान्मारसम्म फैलिएको हिन्दुकुश तथा हिमालय क्षेत्र भूकम्पीय जोखिमका दृष्टिले निकै संवेदनशील छ। नेपालमा ८०० किलोमिटरभन्दा लामो हिमाली क्षेत्र भएकाले यस क्षेत्रको भूकम्पीय जोखिमको एक तिहाइ प्रभाव यसै क्षेत्रमा पर्ने अवस्था रहेको राष्ट्रिय भूकम्प मापन अनुसन्धान केन्द्रका अधिकारीहरू बताउँछन्। भूगर्भविद् तारानिधि भट्टराई सुरक्षित घर बनाउन पहिलो प्राथमिकता दिनुपर्छ भन्ने विगतका भूकम्पबाट पाठ नसिकिएको बताउँछन्।

'सरकारले भूकम्पप्रतिरोधी भवन निर्माणका लागि लागू गरिएको भवन निर्माण आचारसंहिता हुबहु पालना गरे/नगरेको अनुगमन गर्न सरकारी निकाय चुकेको छ', उनले भने, 'पश्चिम नेपालमा भएको जनधनको क्षतिले घर तथा भौतिक संरचना निर्माणमा सुधार नभएको पुष्टि गरेको छ।'

भूकम्पपछि ठूला कंक्रिट काट्ने मेसिनलगायत प्राविधिक उपकरणको अभाव छ, जसले उद्धारमा समस्या ल्याउने गरेको छ। यस कुराबाट पनि उद्धार कार्यसम्बन्धी तयारीमा कमजोरी रहेको पुष्टि भएको तर्क विज्ञहरूको छ। भूकम्पपछिको राहत प्रदान तथा पुनर्निर्माण गर्न छुट्टै संस्था स्थापना गर्नुपर्ने र त्यस्तो संस्था प्रधानमन्त्री मातहतमा राखिनुपर्ने विज्ञहरूको सुझाव छ। 'भवनसंहिता अनिवार्य पालना गर्नुपर्ने र भवन भूकम्पप्रतिरोधी डिजाइनलाई मात्र पालिकाले निर्माण स्वीकृति दिने अभ्यास कार्यान्वयनमा त आयो तर पछिल्लो समय उक्त अभ्यासको पालना धेरै कम मात्रामा भएको छ', भट्टराईले भने।

**जाजरकोटको ...**

पनि त्यस क्षेत्रका मानिसहरू भने आफूहरू निरन्तरको डर र त्रासमा बाँचिरहेका छन्। १५०५ सालमा मुस्ताङ जिल्लालाई केन्द्रबिन्दु बनाएर गएको ८ दशमलव ५ म्याग्निच्युडको भूकम्प नै नेपालमा अहिलेसम्म थाहा भएकामध्ये सबैभन्दा ठूलो भूकम्प भएको बताइन्छ। त्यसपछि साढे ५ सय वर्षदेखि नेपालको गोरखादेखि पश्चिमतर्फ र भारतको देहरादुनदेखि पूर्वतिरको भागमा महाभूकम्प नगएको विज्ञहरू बताउँछन्। यो क्षेत्रभित्र यतिका वर्षसम्म ठूलो भूकम्प नजानुको अर्थ यहाँ ८ म्याग्निच्युडभन्दा माथिका भूकम्प जान सक्ने शक्ति जम्मा भइरहेको छ भन्ने बुझिने राष्ट्रिय भूकम्प मापन तथा अनुसन्धान केन्द्रका वरिष्ठ भूकम्पविद् लोकविजय अधिकारी बताउँछन्। उनका अनुसार बढी शक्ति संचित भएका कारण गोरखादेखि देहरादुनबीचको क्षेत्रमा कुनै पनि बेला महाभूकम्प जान सक्छ। पूर्वी नेपालमा १२५५ सालपछि १९९० सालमा भूकम्प आउँदा ७०० वर्ष लागेको थियो। त्यस्तै अवस्था अहिले पश्चिम नेपालमा छ।

**शक्ति...**

पूर्वउपसभापतिहरू प्रकाशमान सिंह र विमलेन्द्र निधिसँगको भेटघाट र संवादलाई यसअघिदेखि नै निरन्तरता दिँदै आएका छन्।

पार्टीका संस्थापक नेताहरू वीपी कोइराला, गणेशमान सिंह र महेन्द्रनारायण निधिका पुत्रत्रय डा. शशांक कोइराला, प्रकाशमान सिंह र विमलेन्द्र निधिबीच बेलाबखत हुँदै आएको संवादले ३ नेताबीचको सहकार्य महाधिवेशनसम्म एक ठाउँ रहने सन्देश दिएको राजनीतिक विश्लेषकहरू बताउँछन्।

१५औं महाधिवेशनका लागि नेतृत्वलाई दबाब बढाउन नेपाली कांग्रेसका ७ नेताहरूको बैठक बसेको नेपाली कांग्रेसका नेता गोपालमान श्रेष्ठले जानकारी दिए। 'पूर्वमहामन्त्री डा. शशांक कोइरालाको महाराजगंजस्थित निवासमा पुराना नेताहरूको बैठक बसेको हो', नेता श्रेष्ठले मध्यान्हसँग भने, 'बैठकमा पार्टीको समसामयिक राजनीति र आगामी पार्टी महाधिवेशनका सन्दर्भमा छलफल गरिएको छ। हामी जो भए पनि एक भएरै जाने कुराकानी भइरहेको छ।'

यसअघि पनि प्रभावशाली र सिनियर नेताहरूको बैठक आलोपालो बस्दै आएको भन्दै उनले थपे, 'आज पुरानै शृंखलाअन्तर्गत शशांक डाक्टरसा'बको निवासमा भेला भएका हौं। हामीले मिलेर जाने वातावरण बनाउन, महाधिवेशन छिटो गर्न र उपयुक्त नेतृत्वका लागि दबाब बढाउन खोजेका हौं।'

तर, आगामी पार्टी नेतृत्वका लागि देउवाले कसलाई आफ्नो उत्तराधिकारी बनाउने भन्ने सोचिसकेका छैनन्। देउवाको उत्तराधिकारी बन्ने दौडमा लागेका पूर्वमहामन्त्री कृष्ण सिटौलादेखि प्रकाशमान सिंह र निधिसमेत छन्।

यता, पूर्वउपसभापति गोपालमान श्रेष्ठले आगामी सभापतिका लागि आफू पहिलो हकदार भएको दाबी गर्दै आएका छन्। वर्तमान उपसभापति पूर्णबहादुर खड्का पनि सभापति बन्ने लाइनमा छन्। देउवाले केही समयअघि यी सबै नेताहरूलाई बोलाएर छलफल गरे पनि नेतृत्वमा कसलाई अघि सार्ने भनेर मुख नखोलेका नेताहरूले बताए।

संस्थापन पक्षमा आगामी नेतृत्वका लागि नेताहरूबीच को सर्वसम्मत बन्ने भन्ने लडाइँ चलिरहँदा संस्थापनइतर पक्षका नेता डा. शेखर कोइराला प्रमुख दाबेदार बनेर उभिएका छन्। त्यस्तै, महामन्त्री गगन थापा पनि १५औं महाधिवेशनमा सभापतिको दाबी गर्दै आफ्नो पक्षमा माहोल बनाउन देशव्यापी अभियानमा छन्।

कांग्रेसको महाधिवेशनको टुंगो नलागे पनि नेताहरूलाई महाधिवेशन लागिसकेको छ। सोही अवसरलाई उपयोग गर्दै नेता शशांकले आफ्नो माहोल बनाउने योजनासहित गतिविधिहरू गर्दै आएका कोइराला निकटकी कांग्रेस केन्द्रीय सदस्य उर्मिला थपलियाले बताइन्। गत १४औं महाधिवेशनमा ३ तिर अनुहार फर्काएका कोइराला परिवारका ३ नेताहरू अहिले पनि एक ठाउँ छैनन्। करिब २ वर्ष पहिलादेखि सभापतिको तयारीमा रहेका अर्का नेता शेखर कोइरालाको अपेक्षा शशांकलाई समेत आफ्नो टिममा मिलाउन सकिने छ। त्यसका लागि सुजाता कोइरालाले पटक-पटक शशांक पनि शेखरलाई नै सभापति बनाउने कुरामा सहमत हुने बताउँदै आएकी छन्। नेता शशांकले अन्य नेताहरूसँग संवाद गरे पनि कोइराला परिवारका नेताहरूले शेखर र सुजातालाई मिलाउने प्रयास गरेका देखिँदैन।

विश्लेषक पुरञ्जन आचार्य नेपाली कांग्रेसलाई संस्थागत र बलियो बनाउन कोइराहरू एक ठाउँमा आउनुपर्नेमा अहिलेसम्म त्यस्तो नदेखिएको बताउँछन्। 'डा. शशांक कोइरालाले पार्टी नेतृत्वको दाबी गर्नु स्वाभाविक हो। तर, उनले कोइरालाभित्रका सबै सदस्यलाई समेट्न सक्नुपर्छ। यो मामलामा शशांकभन्दा शेखर अघि बढेका देखिन्छ', उनले भने।

विधानत: सभापति शेरबहादुर देउवाले अब १५औं महाधिवेशनमा दावेदारी गर्न मिल्दैन। यसैले, देउवालाई सहयोग गर्दै आएका नेताहरूले आफूहरूमध्येबाटै नेतृत्व गरेर जानेगरी परिस्थिति बनाउन सभापति देउवालाई दबाब दिने रणनीतिमा जुटेका हुन्। यसअघि सिंह, निधि र शशांकले मात्र आलोपालो भेटघाट गर्दै आएकामा पछिल्लो समय सिटौला, गच्छदार, श्रेष्ठ र प्रकाशशरण महतसमेतले देउवालाई दबाब बढाउन लागेका नेताहरूको दाबी छ।

यद्यपि, उनीहरूबीच एकले अर्कोलाई स्वीकार गर्ने अवस्था अझै बनेको छैन। देउवाले शशांकलाई नेतृत्वका लागि अघि सार्न सकिने संकेत गरे पनि टिम बचाउने कुरामा कोइरालाभन्दा सिटौला बलियो हुन सक्ने भन्दै सोही पक्षका एकाथरि नेताहरूले दबाब दिँदै आएका छन्। वर्तमान उपसभापति पूर्णबहादुर खड्का आफ्नै पक्षमा माहोल बनाउने योजनामा छन् भने गोपालमान, प्रकाशमान र विमलेन्द्रसमेत दौडमा देखिनेगरी लागेका छन्। पार्टीको नियमित हुनुपर्ने महाधिवेशन २०८२ मंसिरभित्र गरिसक्नुपर्छ। तर, सभापति देउवाले पार्टीको विधान र मुलुकको संविधानले दिएको सहुलियतलाई उपयोग गर्दै २ वर्षसम्म समय बढाउने रणनीतिमा छन्।

**एमसीसी...**

डोनाल्ड ट्रम्प दोस्रो कार्यकालका लागि विजयी भएसँगै उनी अमेरिकाले वर्षौंदेखि दिँदै आएको वैदेशिक सहायता रोक्ने रणनीतिमै छन्। ट्रम्पको आदेशअनुसार २० जनवरी २०२५ मा नेपालमा संचालित एमसीसी परियोजना ९० दिनका लागि स्थगित गर्ने पत्र पठाएको थियो।

एमसीसी परियोजनाअन्तर्गत नेपाललाई ५५ करोड अमेरिकी डलरको अनुदान सहयोगमा सम्झौतासमेत भएको थियो। उक्त सहयोग नेपालको सडक संजाल र हाइड्रोपावरको प्रसारण लाइनमा खर्च गर्ने भनिएको थियो। तर, ट्रम्प प्रशासनको खर्च कटौती नीतिअन्तर्गत एमसीसी परियोजना बन्द गरेको हो।

एक महिनाभित्र औपचारिक रूपमै बन्द हुने ट्रम्प प्रशासनको तयारी रहेको अन्तर्राष्ट्रिय संचार माध्यमहरूले जनाएका छन्। एमसीसी परियोजना सन् २००४ मा रिपब्लिकनका तर्फबाट अमेरिकी राष्ट्रपति बनेका जर्ज डब्ल्यू बुसका पालामा डेमोक्रयाटको समेत समर्थनमा अमेरिकी कंग्रेसबाट स्थापना गरिएको थियो।

तर, ट्रम्प निर्वाचित भएसँगै उनको प्रशासन र मस्क नेतृत्वको संस्था डजले एमसीसी बन्द गर्ने निर्णय गरेको छ। उक्त निर्णयसँगै एमसीसी परियोजनाअन्तर्गत काम गर्ने कर्मचारीसमेत स्वेच्छिक अवकाशमा जाने भएका छन्।

अमेरिकाले यसअघि पनि धेरै प्रभाव पार्ने विदेशी सहायता परिचालन गर्ने एजेन्सी यूएसएड बन्द गरेको थियो। अमेरिकी नागरिकले तिरेको करको दुरुपयोग भएको भन्दै ट्रम्प प्रशासनले विदेशी सहायता रोक्ने निर्णय गरेको हो। एमसीसी पास गर्ने बेलामा सदनदेखि सडकसम्म विरोध र समर्थनका बीच व्याख्यात्मक टिप्पणीसहित एमसीसी सम्झौता संसद्बाटै पास गरिएको थियो। एससीसी पास भएपछि परियोजनाको काम अघि बढे पनि ट्रम्प राष्ट्रपति भएसँगै परियोजना रोकिन पुगेको थियो। परियोजनाअन्तर्गत ४०० केभी क्षमताको कुल ३१५ किलोमिटर लामो प्रसारण लाइन निर्माण गरी लप्सीफेदी-रातमाटे-हेटौंडा, रातमाटे-दमौली र दमौली-बुटवल सबस्टेसन बनाउन सम्झौता गरिएको थियो।

४०० केभी जीआईएस सबस्टेसन (नवलपरासी पश्चिम, नुवाकोट र तनहुँ) निर्माणको ठेक्का सम्झौतासमेत भएको थियो। यस्तै, बुटवल-गोरखपुर अन्तरदेशीय प्रसारण लाइन, पूर्व-पश्चिम राजमार्ग स्तरोन्नतिको कामसमेत सुरु भएको थियो तर एससीसी परियोजना रोकिएसँगै अब नेपाल सरकारको बजेटबाट काम गर्ने अर्थ मन्त्रालयले जनाएको छ।

**मापदण्डअनुसार...**

त्यसका लागि मन्त्रालयले १ महिनाभित्र प्रतिवेदन दिन विज्ञ समिति गठन गर्ने बताएको छ।

नेपाल मेडिकल संघ स्रोतका अनुसार ९ र १२ लाख रुपैयाँ पर्ने सीई र युएसएफडीए एप्रुभ युएसजी कलर डोप्लर, १२ लाख रुपैयाँ पर्ने जापानी एचपीएलसी, ५ लाख रुपैयाँ पर्ने ईईजी मेसिन, १ लाख ३५ हजार रुपैयाँ पर्ने स्पेरो मिटर, १७ लाख रुपैयाँ पर्ने सीएलआईए मेसिन, २ लाख रुपैयाँ पर्ने ५ च्यानलको एनालाइजर, ११ लाख रुपैयाँ पर्ने पूर्णरूपमा स्वचालित बायोकेमिष्ट्र एनालाइजर, वायरलेससहित ५०० एलएफ एक्सरे मेसिनसहितका उपकरण जडान गर्नुपर्ने भएको छ।

मन्त्रालयले २ महिनाभित्र वैदेशिक रोजगारमा जाने कामदारको स्वास्थ्य परीक्षण गर्ने स्वास्थ्य संस्था सूचीकरण, नवीकरण तथा अनुगमनसम्बन्धी कार्यविधि २०७२ को छैटौं संशोधन अनुसारको पूर्वाधार तयार नगर्ने स्वास्थ्य संस्था खारेज गरिने बताएको छ।

स्वास्थ्य परीक्षण गर्ने संस्थाहरूले तोकिएको मापदण्डअनुसार उपकरण जडान गर्न चर्को ब्याजमा ऋण लिनुपरेको बताएका छन्।

ट्रेड युनियनहरूले स्वास्थ्य परीक्षण गर्ने संस्थाहरूले स्वास्थ्य परीक्षणलाई प्रमाणिक र वैज्ञानिक बनाउनुपर्नेमा जोड दिएपनि वैदेशिक रोजगारीमा जाने श्रमिकमाथि आर्थिक भार थपेको भन्दै पुरानै शुल्कमा स्वास्थ्य परीक्षण गरिनुपर्ने माग गरेका छन्। यसअघि यस्तै लगानी अभिमुखीकरण तालिम प्रदायक संस्थाहरूले गरेका थिए।

**विदेश...**

प्रतिव्यक्ति ३ हजार ५ सय अमेरिकी डलर लिएर आउन भन्दै नेपाल बोलाएर उनीहरूले अस्ट्रेलिया, इटाली, स्पेन, फ्रान्स, सर्भिया, अल्बानियालगायतका देशहरूमा पठाउने भन्दै ठगी गरेको प्रारम्भिक अनुसन्धानका क्रममा देखिएको उक्त कार्यालयका प्रहरी उपरीक्षक अंगुर जिसीले बताए। पक्राउ परेकाहरूले ३८ जना बंगलादेशीलाई ठगी गरेको प्रहरीको भनाइ छ।

**आजदेखि...**

लागिएको हो। हिउँदे अधिवेशनको तयारीका सन्दर्भमा बुधबार सभामुख घिमिरेले प्रमुख राजनीतिक दलका प्रमुख सचेतकहरूसँग छलफल गरेका थिए। छलफलमा पूर्वबजेट छलफल, नीति तथा कार्यक्रम, बजेटका विषयमा छलफल भएको थियो। यसका साथै अन्य विधेयकसमेत अगाडि बढाउने तयारी छ। विद्यालय शिक्षा विधेयकको चापका कारण शनिबार र सार्वजनिक बिदाबाहेकका सबै दिन संसद् संचालन गर्ने प्रस्ताव सभामुख घिमिरेको छ, जसलाई उक्त छलफलले अनुमोदन गरेको छ। यसअनुसार प्रतिनिधिसभाको क्यालेन्डर बनाउनेबारे छलफल भएको छ।

बैठकमा सभामुख घिमिरेले सरकारको नीति तथा कार्यक्रम, आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐनको व्यवस्थाबमोजिम पूर्वबजेट छलफल तथा बजेटको चापका साथै विधेयकको समेत चाप रहेको बताएका हुन्।

'विद्यालय शिक्षा विधेयकलाई पनि प्राथमिकताका साथ पारित गर्नुपर्ने दायित्व संसद्को छ', उनले भनेका छन्, 'शिक्षकहरूले ऐन नलिई जान्न भन्नुभएको छ। उहाँले मलाईसमेत भेटेर पहल गरिदिन भन्नुभएको छ।' सभामुख घिमिरेका अनुसार संसदीय उपसमितिले २३ वैशाखसम्मको समयावधिभित्रै विद्यालय शिक्षा विधेयकको प्रतिवेदन बुझाउने प्रतिबद्धता जनाएको छ। यस्तो अवस्थामा विद्यालय शिक्षा विधेयकलाई प्राथमिकता दिनेगरी संसद्ले तयारी गरेको छ।

संसद् सचिवालयका अनुसार जुनसुकै दिन विधेयक संसद्मा प्रस्तुत गर्नेगरी क्यालेन्डरमा सुरक्षित गरिने छ। शिक्षा, स्वास्थ्य तथा सूचना प्रविधि समितिको प्रतिवेदन आएलगत्तै संसद्ले पारित गर्ने प्रक्रिया सुरु गर्न सक्छ। यसका साथै वर्षे अधिवेशनमा अन्य विधेयक अगाडि बढाउनसमेत पहल गरिने छ। 'निजामती विधेयक पनि समितिबाट आउने अवस्थामा छ', सभामुख घिमिरेले भनेका छन्, 'नीति तथा कार्यक्रम र बजेटका प्राविधिक सीमालाई ध्यान दिँदै शिक्षा, निजामतीलगायतका विधेयक यही अधिवेशनमा पारित गर्न तयारी अवस्थामा रहनुपर्छ।'

**१९ गते नीति तथा कार्यक्रम**

सरकारले आगामी आर्थिक वर्ष २०८२/०८३ का लागि नीति तथा कार्यक्रम १९ वैशाखमा प्रस्तुत गर्ने सम्भावित कार्यतालिका छ।

'प्री-बजेट' छलफल २८ वैशाखदेखि हुने छ। नेपालको संसदीय अभ्यास हेर्दा पहिला प्री-बजेट छलफल हुँदै आएको थियो। छलफलबाट आएको सदनको सुझाव समेटेर नीति तथा कार्यक्रम र बजेट आउने गरेको थियो। तर, यो अभ्यास यसपालि मिचिएको छ। साथै, विगतमा ३ महिना अगावै प्री-बजेट छलफल गर्नेगरी कानुन संशोधन गरिएकामा अहिले सरकारले बजेटको १५ दिन अगाडि मात्र गर्नुपर्ने व्यवस्था अध्यादेशमार्फत गरेको छ।

त्यसपूर्व सदनमा विनियोजन विधेयकका सिद्धान्त र प्राथमिकताका विषयमा प्री-बजेट छलफल हुने छ। यस पटक लामो समयदेखि प्रतीक्षा गरिएका संघीय निजामती ऐन र विद्यालय शिक्षासम्बन्धी विधेयक प्रस्तुत भई निष्कर्षमा पुर्‍याउन कोसिस हुने छ।

**विचाराधीन ३२ विधेयक**

बजेट पारित गर्ने मुख्य कार्यभार रहेको वर्षे अधिवेशन विभिन्न आन्दोलनले दबाबमा छ। शिक्षा ऐन मागेर शिक्षकहरूको आन्दोलन, निजामती ऐन मागेर कर्मचारीहरू आन्दोलित हुँदा विधेयकहरू पारित गर्नुपर्ने अवस्था छ। यो परिस्थितिमा सभामुख घिमिरेले पूर्वबजेट छलफल, नीति तथा कार्यक्रम, बजेट र विद्यालय शिक्षा विधेयकको चापका कारण शनिबार र सार्वजनिक बिदाबाहेकका सबै दिन संसद् संचालन गर्ने प्रस्ताव गरेका छन्। संसद् सचिवालयका प्रवक्ता एकराम गिरीका अनुसार संसद्मा हाल ३२ वटा विधेयक विचाराधीन छन्। प्रतिनिधिसभामा २७ वटा र राष्ट्रियसभामा ५ विधेयक छन्। प्रतिनिधिसभाका समितिमा १५ र राष्ट्रियसभाको विधायन समितिमा २ विधेयक छन्। प्रतिनिधिसभाको कानुन समितिमा १, शिक्षा २, राज्य व्यवस्था ६, पूर्वाधार २, अर्थ ३ र उद्योग समितिमा १ विधेयक छन्। ४ मंसिरको निर्वाचनपछिको साढे २ वर्षमा संसद्का ५ अधिवेशनले कुल २६ वटा कानुन बनाएका छन्। गएको हिउँदे अधिवेशनमा ९ वटा कानुन बनेका थिए।

**सुरुमै प्रधानमन्त्रीको सम्बोधन**

प्रधानमन्त्री केपी शर्मा ओलीले अधिवेशनको सुरुमै सम्बोधन गर्ने छन्। संसद् अधिवेशनको पहिलो दिन नै प्रधानमन्त्री ओलीले सम्बोधन गर्ने कार्यक्रम तय भएको हो। एमालेका मुख्य सचेतक महेश बर्तौलाका अनुसार बैठकको सुरुमै प्रधानमन्त्रीले सम्बोधन गर्ने छन्। प्रधानमन्त्री ओलीले पछिल्लो समसामयिक विषयबारे धारणा राख्ने छन्। यसका आलावा शुक्रबार दलीय आधारमा अन्य नेताहरूले समेत सम्बोधन गर्ने छन्। अधिवेशनको सुरुमा दलका नेताहरूले सम्बोधन गरेर शुभकामना दिने परम्परा छ।


**कतारमा रोजगार**

कम्पनी: LEXUS ENGINEERING CONTRACTING | शहर: QATAR, DOHA
पूर्व स्वीकृत मिति: २०८२/०१/११ | चलानी नं.: ६०२३६५४९ | L.T. No.: 322465

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cabling Tech. | 60 | 0 | सम्बन्धित काममा दक्ष | 1200 | ४४,३५२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Plumber Assistant | 60 | 0 | | 1200 | ४४,३५२ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ बैशाख १९ गते (2 May 2025) मा हुनेछ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्टयाम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला।

Confident International Manpower Pvt. Ltd. | Govt. Lic. No. 1423/074/075
Sinamangal- 09, Kathmandu | Tel: 01- 5918957, 5918958, E-mail: doc.confident@gmail.com, Web.: confidentmanpower.com

**यूएईमा रोजगार**

कम्पनी: REGENCY HOUSE BUILDING CONTG LLC | शहर: UAE | पुन: विज्ञापन
पूर्व स्वीकृत मिति: २०८१/०५/१८ | चलानी नं.: ६०२२४७८९ | L.T. No.: 310063

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Asst. Steel Fixer | 2 | 0 | सम्बन्धित काममा दक्ष | 1100 | ४०,८४३ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Tile Mason/brick Mason/mason/blacksmith | 5 | 0 | | 1200 | ४४,५५६ | | | | | | | |
| 3. | Bricklayer | 5 | 0 | | 1200 | ४४,५५६ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ बैशाख १९ गते (2 May 2025) मा हुनेछ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्टयाम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला।

NAUKRI NEPAL Recruitment Service Pvt. Ltd.
Birendra Aysworya Marga, Mitranagar, Gangabu, Kathmandu
Ph.: 4962686 |4985786 | 4985784 |9801059994, 9801059992, 9801059997, 9801056689
Chitwan Contact No: 056-565123690, 056-56512368, 9769328733, 9763597744,
Itahari Contact No: 9816368105 | 9810591900, Pokhara Contact No : 9856035442 | 9804162771
Email: cv.naukrinepal@gmail.com | Web: www.naukrinepal.com | like us on facebook.com/naukri.nepal
इजाजत पत्र नं. ६५७/०६३/०६४

**महाकाली नगरपालिका**
**Mahakali Municipality**
**नगर कार्यपालिकाको कार्यालय**
**Office of Municipal Executive**
खलंगा, दार्चुला, सुदूरपश्चिम प्रदेश, नेपाल
Khalanga, Darchula, Sudurpashchim Province, Nepal

**Invitation for Bid (IFB)**

**Date For Publication: 2082/01/12 (25th April 2025 AD)**
**Last Date of Bid Submission: 12 Hours, 2082/02/11 (25th May 2025 AD)**

Mahakali Municipality, Office of Municipal Executive Khalanga Darchula invites electronic bids for procurement of following works under National Competitive Bidding procedures. All other Information, Mandatory documents and bid documents can be downloaded from PPMO'S website: www.bolpatra.gov.np/egp. All eligible bidders are requested to submit their e-bid with the requested documents within mentioned period.

| S.N. | Project Name | Contract ID | Project Cost without VAT and Contingencies (NRS) | Bid Security (NRS) |
|---|---|---|---|---|
| 1 | Dattu Dhankhola Irrigation Project | 14/MMDARCHULA/NCB/DDIP2081/082 | 33,19,801.46 | 1,14,000 |

**Chief Administrative Officer**

# ‘शिक्षकको समस्या वार्ताबाटै समाधान गर्छु’



पन्तले आफूले पहिलेबाटै शिक्षकहरूलाई सडकमा राख्न नहुने बताइरहेको पनि स्मरण गराए । ‘शिक्षकहरूलाई सडकमा राख्नु हुँदैन भन्दै

**काठमाडौं/मस-** नवनियुक्त शिक्षामन्त्री रघुजी पन्तले आन्दोलनरत शिक्षकहरूको मागबारे आफू जानकार रहेको बताएका छन् ।

बिहीबार शिक्षामन्त्रीको पदभार ग्रहणपछि सञ्चारकर्मीहरूसँग कुरा गर्दै मन्त्री पन्तले शिक्षकहरूको समस्या वार्ताबाट समाधान गरी कक्षाकोठामा फर्काउने प्रयास गर्ने बताए । उनले भने, ‘अब बोल्ने भन्दा पनि काम गर्ने ठाउँमा आएको छु। वार्ताबाट शिक्षकहरूको माग सम्बोधन गर्ने प्रयास गर्छु । मेरो सम्पूर्ण ध्यान त्यता केन्द्रित हुन्छ ।’

विद्या भट्टराईले शिक्षामन्त्रीबाट राजीनामा दिएपछि पन्तलाई प्रधानमन्त्री केपी शर्मा ओलीले शिक्षामन्त्रीमा नियुक्त गरेका छन् । विद्यालय शिक्षा ऐनको माग गर्दै देशभरका शिक्षकहरू २३ दिनदेखि काठमाडौंमा आन्दोलनमा छन् ।

आएको छु । म उहाँहरूलाई घर फर्काउने गरी समस्याको समाधान गर्न प्रयत्न गर्ने छु ।’

### पन्तले लिए शपथ

नवनियुक्त शिक्षामन्त्री पन्तले पद तथा गोपनीयताको शपथ लिएका छन् । राष्ट्रपति कार्यालय शीतल निवासमा बिहीबार आयोजित समारोहमा राष्ट्रपति रामचन्द्र पौडेलले मन्त्री पन्तलाई शपथ खुवाएका हुन् । समारोहमा उपराष्ट्रपति रामसहाय प्रसाद यादव, प्रधानमन्त्री केपी शर्मा ओली, सभामुख देवराज घिमिरे, राष्ट्रियसभाका अध्यक्ष नारायणप्रसाद दाहाल उपस्थित् थिए । नेकपा (एमाले) का सांसद पन्तलाई बुधबार मन्त्री नियुक्त गरिएको थियो । यसअघि निवर्तमान शिक्षा मन्त्री विद्या भट्टराईले यसै साता राजीनामा दिएकी थिइन् ।

# मौरीपालक किसानलाई अनुदानमा आधुनिक घार



**सूर्यप्रसाद भुसाल/मध्यान्ह**
अर्घाखाँची, ११ वैशाख

सन्धिखर्क नगरपालिका अर्घाखाँचीले पालिकाभित्रका कृषकलाई मौरीको घार वितरण गरेको छ ।

नगरपालिकाले सन्धिखर्कलाई महबाट आत्मनिर्भर बनाउन कृषि शाखाले कृषकलाई मौरीको घार वितरण गरेको हो । मौरीपालक कृषक बढ्दै गएका कारण १ सय २१ वटा घार ५० प्रतिशत अनुदानमा वितरण गरिएको नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत खिमानन्द भुसालले जानकारी दिए ।

‘हामीले गत वर्ष १ सय २५ वटा घार वितरण गरेका थियौं,’ भुसालले भने,‘यो वर्ष पनि मौरीपालक किसानको माग अनुसार कार्यक्रमलाई निरन्तरता दिएका छौं । आगामी वर्ष किसानहरुको प्रगति हेरेर कार्यक्रम तय गर्छौं ।’

सन्धिखर्क नगरपालिका वडा नम्बर १ देखि १२ सम्मका कृषकले ५० प्रतिशत अनुदानमा मौरी किसानले घार पाएका छन् ।

मौरीपालन व्यवसायबाट राम्रो आम्दानी हुन थालेपछि मौरीपालन सुरू गरिएको सन्धिखर्क नगरपालिका -६ का कृषक श्याम कृष्णबहादुर अधिकारीले बताए ।

‘मौरीपालनबाट फाइदा हुने रैछ,’ उनले भने, ‘व्यावसायिक रूपमा मौरी पाल्दा राम्रो आम्दानी गर्न सकिन्छ भन्ने उद्देश्यले व्यवसायिक मौरीपालन सुरू गरेको छु ।’ जिल्लाका मौरीपालक कृषकले क्षेत्र विस्तार गर्दै लगेका छन् ।

# लोकसेवाले लिएकै पदमा पुनः करार कर्मचारीको विज्ञापन, अख्तियारमा उजुरी

**दिलमाया शाही/मध्यान्ह**
जुम्ला, ११ वैशाख




कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठान जुम्लामा शक्ति‘पावर’को व्यापक दुरुपयोग भएको पाइएको छ ।

प्रतिष्ठानका उच्च तहका पदाधिकारीहरुले लोकसेवा आयोगले लिएको परीक्षाको अन्तिम नतिजा नआउँदै त्यहि पदमा आफ्ना मान्छे राख्न करार विज्ञापन खोलेका हुन् ।

सत्तारुढ दल नेकपा एमाले र नेपाली कांग्रेसका नेताहरुले एमाले निकट स्वास्थ्य विज्ञान प्रतिष्ठानका तत्कालिन उपकुलपति मंगल रावत र रजिष्ट्रार नृपेन्द्र महतलाई प्रयोग गरी प्रतिष्ठानमा कार्यकर्ता भर्ती गरेको पाइएको हो ।

कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठान जुम्लामा उपकुलपतिको पदावधि सकिसकेको छ भने रजिष्ट्रारको पदावधि पनि सकिँदैछ ।

प्रतिष्ठानका पदाधिकारीको पदावधि सकिँदै जाँदा आफू निकट आफन्त र पार्टी कार्यकर्ता भर्ती गर्ने नियतले करारको विज्ञापन खोलिएको हो । करार विज्ञापन खोलिएकोमा कानुन विपरीत भएको भन्दै अख्तियारमा उजुरी परको छ ।

शुक्रबारदेखि हुने भनिएको परीक्षा रद्द गर्दै कानुनको सम्मान गर्न अख्तियारमा उजुरी दिएका उजुरीकर्ताले आग्रह समेत गरेका छन् । कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठानको कर्मचारीको सेवाका शर्त र सुविधासम्बन्धी नियमावली २०६९(पाँचौ संशोधन २०१ मंसिर २ गते समेतको परिच्छेद ४ को नियम ३२ मा प्रतिष्ठानको सभाबाट स्वीकृत दरवन्दीमा रही कुनै विशेष कामका लागि मात्र शिक्षक वा कर्मचारी भर्ना गर्न सकिने र खुला प्रतिस्पर्धाको आधारबाट मात्र करार सेवामा नियुक्त गर्न सकिने व्यवस्था छ । तर प्रतिष्ठानमा हाल कार्यरत कर्मचारी, यसअघि स्थायी पदका लागि विज्ञापन गरेको पद संख्या हेर्दा दरबन्दीभन्दा धेरै पदहरु सभाबाट स्वीकृत समेत नगराइ विज्ञापन गराएको देखिन्छ । उक्त विज्ञापन अन्तरवार्ताबाट मात्र लिन खोजेकोले नियम विपरीत भएको र प्रतिष्ठानलाई थप आर्थिकभार पारी कार्यकर्ता भर्ती गर्न खोजिएको भन्दै उक्त कार्य यथाशिघ्र रोकी कारबाही गरी पाउँ भनी नाम उल्लेख नगर्ने शर्तमा अख्तियारमा उजुरी दिएका व्यक्तिले बताए ।

प्रतिष्ठान स्रोतका अनुसार कर्णाली प्रदेश जुम्ला जिल्ला चन्दननाथ नगरपालिका वडा नं.२ मा अवस्थित कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठानका पदाधिकारीहरु तत्कालीन उपकुलपति डा.मंगल रावल र रजिष्ट्रार नृपेन्द्र महतले आफ्ना कार्यकाल सकिनै लाग्दा जाँदाजाँदै आफू निकटका कार्यकता र आफन्त भर्ती गर्ने मनसायका साथ मिति २०१ फागुन १२ गते प्रतिष्ठानको वेवसाइटमा करार सेवाका लागि भन्दै विज्ञापन प्रकाशन गरेको पाइएको छ । उक्त विज्ञापनको लिखित परीक्षा यहि वैशाख १२ गते तोकिए पनि कुन-कुन व्यक्तिको नाम निकालिँदै छ भन्ने पहिले नै सुनिश्चित भएकोले विज्ञापन रद्द गरिदिन भन्दै गत फागुन १९ गते उजुरी परेको हो ।

यसअघि मंसिर २ गते लोकसेवा आयोगमार्फत करिब २००जना भन्दा धेरै शिक्षक तथा कर्मचारीहरुको स्थायी पदपूर्तिका लागि सूचना प्रकाशन गरी उक्त सूचना अनुरुप लिखित परीक्षा संचालनको लागि फागुन ३ गते लोकसेवा आयोगले लिखित परीक्षाको लागि सूचना समेत जारी गरिसकेको अवस्था छ । तर प्रतिष्ठानका पदाधिकारीको पदावधि सकिन लाग्दा आफू निकटका कार्यकता भर्तीको उद्देश्यले यो विज्ञापन गरेको प्रतिष्ठान स्रोतले जनाएको छ ।

अख्तियारमा जाहेर उजुरीमा प्रतिष्ठानका पदाधिकारीले जाँदाजाँदै भर्ती गर्न खोजका पद र व्यक्तिको स्पष्ट किटान पनि गरिएको छ । स्थायी र करार पदमा आइटी अफिसर र रेडियोग्राफर दोहोरिएको छ । स्वास्थ्य विज्ञान प्रतिष्ठानमा आइटीमा अहिले पनि २ जना कर्मचारीले काम गरिरहेका छन् । प्रतिष्ठानको मंसिरमा सार्वजनिक गरिएको विज्ञापनमा एक स्थायी पद खोलिएको छ । फेरि पनि अहिले आफ्ना पार्टीका र आफ्नो मान्छेहरुलाई सेटिङ्ग गर्न थप एक जना करार आइटीको विज्ञापन खोलिएको आरोप लागेको छ । प्रतिष्ठानले रेडिया ग्राफरमा पनि कर्मचारी पर्याप्त हुँदाहुँदै स्थायी र करार दुवै खोलेको छ ।

प्रतिष्ठानको लाइब्रेरी कक्षमा अहिले पनि तीनजना कर्मचारीहरुले काम गरिरहेका छन् । जहाँ दरबन्दी नै छैन । अस्पताल प्रशासनले अहिले थप १ जना करार कर्मचारीको माग गरेको छ । प्रतिष्ठानको अस्पतालको ल्यावमा अहिले १२ जना कर्मचारी कार्यरत छन् । जो अस्पतालका लागि पर्याप्त हो । तर ल्याव टेक्नोलोजिष्ट, रेडियो टेक्नोलोजिष्टमा आफ्ना मान्छेहरुलाई घुसाउन फेरि पनि करार विज्ञापन खोलिएको एक कर्मचारीले बताए । विज्ञापनको धेरैजसो पदमा अन्तरवार्ताबाट मात्र परीक्षा लिन खोजेको देखिएका ऐन विपरित रहेको स्रोतले जनाएको छ ।


**हकदावी सम्बन्धी ३५ दिने सूचना**

कम्पनी ऐन २०६३ बमोजिम मिति २०७४/०२/२३ मा दर्ता भएको **प्रा.लि. नं. १६९२८४** को **फिजियोटेक अकुप्रेशर हेल्थकेयर मार्ट प्रा.लि.** को मिति २०८२/०१/११ गतेमा सम्पन्न विशेष बैठकको निर्णय बमोजिम कम्पनी ऐन २०६३ को दफा १२६ बमोजिम स्वेच्छिक खारेजी लिक्विडेशनमा लैजाने निर्णय गरेकोले यस कम्पनीसँग कोही कसैलाई कुनै किसिमको लेनदेन बाँकी बक्यौता रहेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा निम्न लिखित लिक्विडेटरको कार्यालयमा हकदाबी गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना जारी गरिएको छ ।

**लिक्विडेटरः निर्मल प्रसाद गौतम**
**इजाजतपत्र नं. ३९८, फोन नं. ९८५११५८६८७**

**नाम परिवर्तन सम्बन्धी सूचना**

**प्रथम पटक प्रकाशित मिति २०८२/०१/१२**

साबिकको काठमाण्डौ बुलियन प्रा.लि.को मिति २०८१/०१/२९ मा सम्पन्न बिशेष साधारण सभाको निर्णयअनुसार कम्पनीको रजिष्ट्रारको कार्यालयबाट प्रा.लि.को नाम परिवर्तन भई काठमाण्डौ बुलियन कम्पनी प्रा.लि. **(Kathmandu Bullion Company Pvt.Ltd)** कायम गरिएको र साबिकको नाममा रहेको सम्पुर्ण चल अचल सम्पति तथा तिर्नु व्यहोर्नुपर्ने कर दायित्व आदि यसै कम्पनीले सकार्ने व्यहोर्ने र नामका सम्बन्धमा भ्रम सृजना भई उजुरी परेमा संशोधन गर्ने यसै सुचना मार्फत सम्पुर्ण सरोकारवाला तथा सर्वसाधारणको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

**काठमाण्डौ बुलियन कम्पनी प्रा.लि.**



**साउदीमा रोजगार**
कम्पनीः AL WOUSTAH FOOD SERVICES COMPANY — शहरः Riyadh
पूर्व स्वीकृत मितिः २०८२/०१/११ — चलानी नं.: ६०२३६५९७ — LT. No.: 322584

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Kitchen Worker | 21 | 0 | स. काममा दक्ष | 1000 | ३६,३६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ बैशाख १९ गते (2 May 2025) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | १०,००० कामदारले |

Nepal HR Solution Pvt. Ltd. — श्रम इजाजत पत्र नं.: १०८२/०७३/०७४
Sinamangal-09, Kathmandu, Nepal, Tel.: 01-4593554, Email :- snepalhr@gmail.com



ZERO COST RECRUITMENT OPPORTUNITY FOR KUWAIT !!
**शून्य लागत अन्तर्गत कुबेतमा वैदेशिक रोजगारीको अवसर !!**

कम्पनी : Radisson Blu HOtel (Alowla Hotels Company), — शहर Kuwait
पूर्व स्वीकृत मितिः २०८०/०६/२५ — चलानी नं.: ६०२०९११८ — L.T. No.: 293950 — पुनः विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब KD | मासिक तलब ने.रु. | ओभरटाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | बार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Housekeeping Attendant | 1 | 0 | 120 | ५३,४३७ | कम्पनीको नियम अनुसार | ८ घण्टा | ६ दिन | कम्पनीको नियम अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ बैशाख १९ (2 May 2025) गते हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कसले व्यहोर्ने | विदेशमा गर्ने मेडिकलको खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कसले व्यहोर्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कसले तिर्ने | कामदारलाई हवाइ टिकट कसले दिने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाताले | रोजगारदाताले | रोजगारदाताले | रोजगारदाताले | रोजगारदाताले | रोजगारदाताले | रोजगारदाताले | रोजगारदाताले | रु.७००।– रोजगारदाताले | रु.१५०० रोजगारदाताले | रोजगारदाताले |

हामी तपाईलाई हाम्रो कार्यालय परिसरमा राखिएका मागपत्रसँग सम्बन्धित जानकारीमूलक सामग्रीहरु जस्तै पर्चा, ब्यानर फ्लेक्स आदि पुर्ण रुपमा अध्ययन गरी जानकार हुन अनुरोध गर्दछौं ।
We request you to fully study and understand job-related informative materials such as flyers, banners, flex placed at our office premises.

Information provided by the Department of Foreign Employment (DOFE) 1.Consult with Agency for the visa confirmation that is issued under your name 2.Keep the contact details and location of Diplomatic Mission of Nepal in the country you are going for the employment, it will be easy to contact if you get in trouble 3.Be clear on the services, facilities and salary that is mentioned in this advertisement 4.Before going abroad orientation or induction training should be attended compulsorily 5. Before going abroad sign the employment contract only after reading the details regarding the country, company, facilities, services, terms and conditions mentioned in the agreement thoroughly and keep a copy of the same 6.While going abroad use International Airport of Nepal or else you might be deceived 7.If you want to know more details regarding this advertisement please contact Department of Foreign Employment (DOFE), Tahachal.

Vision & Value Overseas Pvt. Ltd. — License No.: 822|066|067
GPO Box: 7764, Dhapasi Marg, Basundhara, Kathmandu, Nepal
Tel. : 014379749 | 014379162 | 014379450 | 9863194835 | 9863194834 | 9863194832
Email: apply@vnvnepal.com | Website: vnvnepal.com



**साउदीमा रोजगार**
कम्पनीः ETEHAD WASAYAH COMPANY LTD — शहरः SAUDI
पूर्व स्वीकृत मितिः २०८२/०१/११ — चलानी नं.: ६०२३६५४३ — L.T. No.: 322553

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Heavy Truck Drivers | 5 | 0 | स. काममा दक्ष | 1800 | ६५,४४८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ वैशाख १९ गते (2 May 2025) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क | विदेशमा गर्ने मेडिकलको खर्च | म्यादे जीवन बिमा | रोजगारमा बिमा | हवाइ टिकट | सामाजिक सुरक्षा कोष | भिषा शुल्क | भिषा स्ट्याम्पीङ शुल्क | अभिमुखीकरण शुल्क | कल्याणकारी कोष | सेवा शुल्क |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |

ADVANCED MANAGEMENT CONSULTANTS — एडभान्स्ड म्यानेजमेन्ट कन्सल्टेन्स प्रा.लि.
Govt. License No.: 1470/074/075
Samakhushi-26, Kathmandu, Nepal — 01-4964211, 4974211
info@amgroup.com.np — www.amgroup.com.np
Talk with AMC Representative: 9801080183, 9801029663, 9801044493, 9801021737, 9801080059, 9801044492, 9817002440, 9801080096



**मलेसियामा रोजगार**
कम्पनी : TAFADHDAL SECURITY SDN.BHD. — शहर : JALAN
पूर्व स्वीकृत मितिः २०८२/०१/११ — चलानी नं.: ६०२३६५८९ — LT. No.: 322558

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Male Security Guards | 100 | 0 | स. काममा दक्ष | 1700 | ५२,८०२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ बैशाख १९ देखि २५ गते सम्म (2 to 8 May 2025) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क | विदेशमा गर्ने मेडिकलको खर्च | म्यादे जीवन बिमा | रोजगारमा बिमा | हवाइ टिकट | सामाजिक सुरक्षा कोष | भिषा शुल्क | भिषा स्ट्याम्पीङ शुल्क | अभिमुखीकरण शुल्क | कल्याणकारी कोष | सेवा शुल्क |
|---|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाताले | रोजगारदाताले | रोजगारदाताले | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |

क्याराभान इम्प्लोइमेन्ट सर्भिसेस प्रा. लि. — श्रम इजाजत नं. ३६३/०५९/०६०
बसुन्धारा, काठमाडौं, फोन: ०१-४०१६९९१, ४०१६९९२
E-mail: caravanwithyou@gmail.com| Website: www.caravannepal.com



**Saudi मा रोजगार** — JAZAL ARABIA ENGINEERING CONTRACTING COMPANY
पूर्व स्वीकृती मितिः २०८२/१/१० — चलानी नं. : ६०२३६५६७ — LT No.: 322463

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | Construction Labouers | 10 | काममा दक्ष | 1000 | ३६,८००।- | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

| स्वदेशमा गरिने मेडिकल खर्च | विदेशमा गर्ने मेडिकल खर्च | स्वदेशमा गरिने बिमा खर्च | रोजगारमा बीमा हुने/नहुने | हवाई टिकट | भिषा शुल्क | सामाजिक सुरक्षा कोष (एसएसएफ) | कल्याणकारी कोष | अभिमुखीकरण शुल्क | सेवा शुल्क |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैले | रोजगारदाता कम्पनीले व्योहोर्ने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु. २,३०८/- कामदार आफैले | रु. १,५००/- कामदार आफैले | रु. ७,००/- कामदार आफैले | नि:शुल्क |

अन्तरवार्ता २०८२ बैशाख १९ गते (2 May, 2025) यस प्रा. लि. को कार्यालय बालकुमारी, ललितपुरमा हुनेछ ।

डायना ओभरसिज प्रा. लि. — श्रम इजाजत पत्र नं :४०६/०६०/०६१
बालकुमारी, ललितपुर, फोन: ५१८६३८४, ५१८६३८५, ५१८६३२८, ५१८६४२९



**साउदीमा रोजगार**
कम्पनीः BRANCH OF PHYLLYS RESTAURANT — शहरः AL RIYADH
पूर्व स्वीकृत मितिः २०८२/०१/०८ — चलानी नं.: ६०२३६४५७ — L.T. No.: 322370

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Food and Beverage Counter Worker | 1 | 0 | स. काममा दक्ष | 1200 | ४३,६३२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

कम्पनीः SHAMOUKH AL AZRIYA CONTRACTING EST. — शहरः AL RIYADH
पूर्व स्वीकृत मितिः २०८२/०१/०९ — चलानी नं.: ६०२३६४५५ — L.T. No.: 322434

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Loading And Unloading Worker | 10 | 0 | स. काममा दक्ष | 1000 | ३६,३६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

कम्पनीः SUPER FISH TRADING COMPANY — शहरः AL RIYADH
पूर्व स्वीकृत मितिः २०८२/०१/११ — चलानी नं.: ६०२३६५८८ — L.T. No.: 322573

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Loading And Unloading Worker | 1 | 0 | स. काममा दक्ष | 1000 | ३६,३६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ वैशाख १९ गते (2 May 2025) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क | विदेशमा गर्ने मेडिकलको खर्च | म्यादे जीवन बिमा | रोजगारमा बिमा | हवाइ टिकट | सामाजिक सुरक्षा कोष | भिषा शुल्क | भिषा स्ट्याम्पीङ शुल्क | अभिमुखीकरण शुल्क | कल्याणकारी कोष | सेवा शुल्क |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | रु. १०,००० कामदारले |

ईमास्को नेपाल प्रा. लि. — श्रम इजाजत नं. ११७/०५५/०५६
गोंगबु, सामाखुसी, काठमाडौं, नेपाल, फोन: ४३६२७७८, ४३५७७७८, फ्याक्स नं.: ४३५७७७८ Mob.: 984319890, 9803140917



**कुवेतमा रोजगार**
कम्पनी : HALA BUILDING CLEANING SERVICES COMPANY — शहरः KUWAIT
पूर्व स्वीकृत मितिः २०८१/०१/१० — चलानी नं.: ६०२३६५४६ — LT. No.: 322486

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Indoor Cleaner | 0 | 2 | स. काममा दक्ष | 85 | ३७,८५१ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ वैशाख १९ गते (2 May 2025) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क | विदेशमा गर्ने मेडिकलको खर्च | म्यादे जीवन बिमा | रोजगारमा बिमा | हवाइ टिकट | सामाजिक सुरक्षा कोष | भिषा शुल्क | भिषा स्ट्याम्पीङ शुल्क | अभिमुखीकरण शुल्क | कल्याणकारी कोष | सेवा शुल्क |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | निशुल्क |

H.M.T. Overseas Pvt. Ltd. — Govt. Lic. No. 1429/074/075
Tinkune, Kathmandu, Tel.: 01-4111301
Mob.: 9842036587, 9823164783, 9808466028, 9803515104, 9866691140, 9827685565



**युएईमा रोजगार**
कम्पनी : EJADAH ASSET MANAGEMENT GROUP LLC — शहर : UAE,DUBAI
पूर्व स्वीकृत मितिः २०८०/०४/०३ — चलानी नं.: ६०२०४८७७ — LT.No.: 289684 — पुनः विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaner | 166 | 30 | सम्बन्धित काममा दक्ष | 800 | २९,७०४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Security Guard | 200 | 0 | सम्बन्धित काममा दक्ष | 1200 | ४४,५५६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ बैशाख १९ गते (2 May 2025) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क | विदेशमा गर्ने मेडिकलको खर्च | म्यादे जीवन बिमा | रोजगारमा बिमा | हवाइ टिकट | सामाजिक सुरक्षा कोष | भिषा शुल्क | भिषा स्ट्याम्पीङ शुल्क | अभिमुखीकरण शुल्क | कल्याणकारी कोष | सेवा शुल्क |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि शुल्क |

LINK INTERNATIONAL PLACEMENT SERVICE PVT.LTD. — Govt. Lic. No.: 821/066/067 — ISO 9001 : 2015
Basbari Ward No 3, Kathmandu, Tel.: 01-4956654, 4955978, 9802360330
Email: info@linknepalmanpower.com, Website: www.linknepalmanpower.com, P.O.Box: 9158



**यूएईमा रोजगारको अवसर**
कम्पनी : AL MUFEED SECURITY SERVICES L.L.C. — शहर : UAE
पूर्व स्वीकृत मितिः २०८१/०६/०९ — चलानी नं.: ६०२२५७९३ — L.T. No.: 311269 — पुनः विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Security Guard | 2 | 0 | स. काममा दक्ष | 1200 | ४३,६४४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय ललितपुरमा २०८२ बैशाख १९ गते (2 May 2025) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क | विदेशमा गर्ने मेडिकलको खर्च | म्यादे जीवन बिमा | रोजगारमा बिमा | हवाइ टिकट | सामाजिक सुरक्षा कोष | भिषा शुल्क | भिषा स्ट्याम्पीङ शुल्क | अभिमुखीकरण शुल्क | कल्याणकारी कोष | सेवा शुल्क |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |

Five Star International Overseas Pvt. Ltd. — Lic. No.: 205/057/058
GPO Box: 8975, EPC: 1801, Nakhu Dobato, Lalitpur, Tel.: 5542662, Fax: 5544843



**हकदावी सम्बन्धी ३५ दिने सूचना**

कम्पनी ऐन २०६३ बमोजिम मिति २०७४/०२/२३ मा दर्ता भएको **प्रा.लि. नं. १६९२८४** को **फिजियोटेक अकुप्रेशर हेल्थकेयर मार्ट प्रा.लि.** को मिति २०८२/०१/११ गतेमा सम्पन्न विशेष बैठकको निर्णय बमोजिम कम्पनी ऐन २०६३ को दफा १२६ बमोजिम स्वेच्छिक खारेजी लिक्विडेशनमा लैजाने निर्णय गरेकोले यस कम्पनीसँग कोही कसैलाई कुनै किसिमको लेनदेन बाँकी बक्यौता रहेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा निम्न लिखित लिक्विडेटरको कार्यालयमा हकदाबी गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना जारी गरिएको छ ।

**लिक्विडेटरः निलम प्रसाद गौतम**
**इजाजतपत्र नं. ३९८, फोन नं. ९८५११५८६८७**



**भुल सुधार**

**मिती २०८२।०१।१० गते यस मध्यान्ह राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित भएको** ECO AUTO Trading pvt.ltd **को** MRP Notice **मा**
**2. New Gonow Brand 16 Seater Pasenger Van Model EB00 120kw**
**हुनुपर्नेमा अन्यथा भएकोले पुनः यो सुचना प्रकाशित गरिएको छ।**

IMPORTER: ECO AUTO TRADING PVT. LTD.
ANAMNAGAR, KATHMANDU,
Tel: 977-01-5705505
PAN: 609578494



नेपाल सरकार
श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय
**वैदेशिक रोजगार विभागको**
**दावी विरोध सम्बन्धी सूचना**

नेपाल सरकारबाट वैदेशिक रोजगार व्यवसाय सञ्चालन गर्न ईजाजत प्राप्त तपसिल बमोजिमका **Sylvia International H.R. Services Pvt.Ltd.** (इ.प.नं १२०४/०७३/०७४) को सञ्चालक/शेयरधनीले आफ्नो नाममा कायम रहेको शेयरहरु दा.खा. नामसारी गरि पाउन कम्पनी रजिष्ट्रारको कार्यालयका नाममा सहमतिको सिफारिश गरिदिन यस विभागमा निवेदन दिएको हुँदा माग बमोजिम शेयरको हक हस्तान्तरण तथा नामसारीको सहमति दिंदा कोही कसैको हक स्वामित्व तथा लेना देनामा असर पर्ने भए वा कसैलाई मर्का पर्ने भएमा यो सूचना प्रकाशित भएको मितिले **१५ (पन्ध्र)** दिनभित्र सबुद प्रमाण सहित **वैदेशिक रोजगार विभागमा** सम्पर्क गर्न आउनु हुन सम्बन्धित सबैको जानकारी को लागि यो सूचना प्रकाशित गरिएको छ। अन्यथा माग बमोजिम शेयर नामसारीको लागि सहमति भै जाने व्यहोरा समेत यसै सूचनाबाट जानकारी गराईन्छ।

**तपशिल**

| साविक शेयरधनीहरुको नाम/शेयर संख्या | अब कायम हुने शेयरधनीहरुको नाम/शेयर संख्या |
|---|---|
| १. जनक प्रसाद श्रेष्ठ (०१-१२९५०) | १. जनक प्रसाद श्रेष्ठ (०१-१४९५०) |
| २. अनुप कमल विश्वकर्मा (१२९५१-२५९००) | २. अनुप कमल विश्वकर्मा (१४९५१-२७९००) |
| ३. लाल बहादुर कुँवर (२५९०१-३७०००) | ३. लाल बहादुर कुँवर (२७९०१-३९०००) |
| ४. अवधेश कुमार छिपी (धोबी) (३७००१-३८०००) | ४. सुरिन गौतम (३९००१-४००००) |
| ५. बसन्त खतिवडा (३८००१-३९०००) | |
| ६. सुरिन गौतम (३९००१-४००००) | |



**नेपाल सरकार**
**श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय**
**वैदेशिक रोजगार विभागको**
**दावी विरोध सम्बन्धी सूचना**
प्रकाशित मितिः २०८२/०१/१२

यस विभागबाट वैदेशिक रोजागर व्यवसाय संचालन गर्न इजाजतपत्र प्राप्त संस्था श्री **Prince International Employment Service Pvt. Ltd.** (इ.प.नं. ४३५/०६०/६१) **को साविकको ठेगाना काठमाडौं जिल्ला काठमाडौं महानगरपालिका वडा नं. ३२ परिवर्तन गरी काठमाडौं जिल्ला काठमाडौं महानगरपालिका वडा नं. २६, सामाखुसी** कायम गर्न माग भई आएकोले उक्त प्रा.लि.को माग बमोजिम साविकको ठेगाना परिवर्तन गर्दा कोही कसैलाई मर्का पर्ने भएमा यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिनभित्र यस विभागको संस्था दर्ता शाखामा उजुरी /निवेदन पेश गर्नु हुन अनुरोध छ। अन्यथा कानून बमोजिम भई जाने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराईन्छ।



**स्नो रिभर्स लिमिटेड**
**(कम्पनी ऐन, २०६३ बमोजिम स्थापित संस्था)**
**कम्पनीको रजिष्टर्ड कार्यालय, का.म.न.पा-३०, ज्ञानेश्वर, काठमाडौं**
**फोन:०१-४४४२७८२ ईमेल:**snowrivers2021@gmail.com

**विशेष साधारण सभा सम्बन्धी सूचना**
**दोस्रो पटक प्रकाशितः २०८२/०१/१२**

**श्री शेयरधनी महानुभावज्यूहरु,**
यस स्नो रिभर्स लिमिटेडको मिति २०८२/०१/१० गते बसेको सञ्चालक समितिको बैठकको निर्णय अनुसार यस कम्पनीको विशेष साधारण सभा तपसिल बमोजिमको मिति, समय र स्थानमा देहायका विषयहरु उपर छलफल गरी निर्णय गर्न बस्ने भएकोले कम्पनी ऐन २०६३ को दफा ६७ को उपदफा (२) तथा कम्पनी नियमावलीको नियम १८ को उपनियम (३) अनुसार सम्पूर्ण शेयर धनी महानुभावहरुको जानकारी तथा उपस्थितिको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**विशेष साधारण सभा हुने मिति, समय र स्थानः**
**मितिः २०८२ साल बैशाख २६ गते शुक्रबार (तदनुसार सन् २०२५ मे ९)**
**समयः दिनको ठिक ३:०० बजे ।**
**स्थानः कम्पनीको केन्द्रिय कार्यालय, का.म.न.पा-३०, ज्ञानेश्वर, काठमाडौं ।**
**छलफल तथा निर्णयका लागि निर्धारित विषयहरुः**
**(क) विशेष प्रस्तावः**
१) कम्पनीको पूँजी वृद्धि गर्न प्रबन्धपत्रको दफा ६ (क) र (ख) संशोधन गर्ने ।
२) शेयरको सार्वजनिक निष्काशनको सम्बन्धमा दोस्रो वार्षिक साधारण सभाले गरेको निर्णयलाई परिमार्जन गरी शेयरको सार्वजनिक निष्काशन गर्ने ।
**(ख) विविध ।**

**सञ्चालक समितिको आज्ञाले**
**कम्पनी सचिव**

मध्यान्ह
www.madhyanhadaily.com
१२ वैशाख २०८२ शुक्रबार
25 April 2025, Friday

## सम्पादकीय

# विनाशपछिको बेवास्ता

विनाशकारी महाभूकम्पको दशक पुगेको छ । १२ वैशाख २०७२ मा गोर्खा केन्द्रबिन्दु बनाएर ७ दशमलव ८ म्याग्निच्युडको महाभूकम्प गएको थियो । उक्त त्रासदीपूर्ण महाभूकम्पमा परी ९ हजार बढी नागरिकको ज्यान गएको थियो भने २२ हजार बढी घाइते भएका थिए । गोर्खा भूकम्पको उद्धार गरिरहँदा २९ वैशाख २०७२ मा अर्को ठूलो भूकम्प गएको थियो । यी २ ठूलाबाहेकका परकम्पबाट भौतिक संरचनाहरूको क्षति अझ बढेको थियो । निजी आवास, विद्यालय, स्वास्थ्य चौकी, खानेपानीलगायत संरचना क्षतिग्रस्त बनेका थिए । २०७२ सालको जस्तो विनाशकारी भूकम्प त्यसअघि २०४५ साल र १९९० सालमा गएका थिए । जानकारहरूका अनुसार शताब्दीकै ठूलो भूकम्प २०७२ सालमा गएको थियो ।

शताब्दीकै ठूलो भूकम्पबाट क्षतिग्रस्त संरचनाको पुनर्निर्माण अझै सकिएको छैन । निजी संरचनाहरू केही वर्ष लगाएर सम्पन्न भएको थियो । १-२ वटा हिउँद र वर्षाहरू कट्दा निजी घर, विद्यालय जस्ता साना संरचनाहरू पुनर्निर्माण भएका थिए । तर, ठूला संरचनाहरूको पुनर्निर्माण अझै सकिएको छैन । राजधानी उपत्यकामा अहिले पनि टेको लगाएर अडिएका घरहरू देख्न सकिन्छ । मन्दिरहरू क्षतिग्रस्त अवस्थामै छन् । प्रधानमन्त्री केपी शर्मा ओलीले आफ्नो प्रतिष्ठासँग जोडेको धरहरा अधुरै छ । मानवीय क्षतिको परिपूरण हुने कुरै भएन । सांस्कृतिक संरचना र सम्बन्धहरू तोडिएका कारण पुगेको क्षति बेहिसाब छ । त्यसैले, भूकम्पीय जोखिमका दृष्टिले हेर्दा दशक बितिसक्दा पनि १२ वैशाख त्रासदीपूर्ण छ ।

तर, भूकम्पीय क्षति न्यूनीकरण गर्ने पूर्वतयारीसमेत पर्याप्त हुन नसकेको पटक-पटक पुष्टि भएको छ । २०८० कात्तिकमा जाजरकोट केन्द्र बनाएर ५ दशमलव ७ म्याग्निच्युडको भूकम्प गएको थियो । उक्त भूकम्पबाट १५७ जनाको ज्यान गयो । जाजरकोट र वरपरका जिल्लाहरूसमेत प्रभावित हुनेगरी गएको भूकम्पपीडितहरूको पुनर्स्थापना अझै हुन सकेको छैन । मुख्य कुरा जाजरकोट भूकम्पको क्षति हेर्दा नेपालले २०७२ सालको महाभूकम्पबाट कुनै पाठ सिकेको देखिएन । यदि त्यस्तो हुन्थ्यो भने पूर्वतयारी, भूकम्पपछि उद्धार र पुनर्निर्माणको काम यति सुस्त हुने थिएन । अर्थात्, अझै पनि नेपालले भूकम्पीय जोखिम न्यूनीकरण गर्ने कुनै प्रभावकारी तयारी गरेको छैन । यसलाई अर्को विनाशको निम्तोका रूपमा पनि अर्थ्याउन सकिन्छ, जुन गल्ती राज्य सरकारको नेतृत्व पंक्तिका निम्ति अक्षम्य हुने छ ।

सम्झनामा विनाशकारी भूकम्प

# नेपालमा भूकम्पीय जोखिम

*नेपालको भौगोलिक अवस्थाले गर्दा भूकम्पको जोखिम सधैं रहने छ । तर, त्यसको प्रभावलाई न्यूनीकरण गर्न सकिन्छ, यदि पूर्वतयारी, सचेतना, नीति निर्माण र संरचनागत विकासमा दीर्घकालीन सोच अपनाइयो भने...*

अग्रलेख



● चन्द्रबहादुर बस्याल

नेपाल भौगोलिक दृष्टिकोणले अत्यन्त संवेदनशील देश हो । विश्वको सबैभन्दा जटिल भूगर्भीय संरचनामध्येमा पर्ने कारणले यहाँ भूकम्पको जोखिम सधैं रहन्छ । भारत र युरेसियन टेक्टोनिक प्लेटहरू आपसमा ठोक्किँदै गर्दा नेपाल जस्ता हिमाली क्षेत्रहरूमा ठूलो भूकम्प आउने जोखिम उच्च हुन्छ । इतिहास हेर्दा पनि नेपालमा ठूला भूकम्पले मानवीय, भौतिक, आर्थिक र सामाजिक क्षेत्रहरूमा गहिरो असर पार्दै आएका छन् ।

नेपाल हिमालयन फोल्ड बेल्टमा अवस्थित छ, जहाँ भारतीय प्लेट उत्तरतिर धकेलिँदै युरेसियन प्लेटसँग ठोक्किन्छ । यही कारणले हिमालय उचालिएको हो । यो प्लेटहरूको धक्का एकदमै शक्तिशाली भएका कारण भूमिगत तनाव समय-समयमा सतहमा भूकम्पको रूपमा प्रकट हुन्छ ।

काठमाडौं उपत्यका र पूर्वी, मध्य तथा पश्चिमी पहाडी क्षेत्रहरू यस प्लेट सीमामा पर्छन्, जसका कारण यी क्षेत्रहरूमा जोखिम धेरै छ ।

नेपालको इतिहासमा धेरै पटक भूकम्पले ठूलो विनाश ल्याएको छ । १९९० सालको भूकम्प (सन् १९३४)ले काठमाडौं, भक्तपुर, ललितपुरलगायत धेरै शहरहरू ध्वस्त पारेको थियो । करिब ८ दशमलव २ म्याग्निच्युडको त्यो भूकम्पले झन्डै १७ हजार मानिसको ज्यान लिएको थियो ।

२०७२ साल (सन् २०१५)को विनाशकारी गोरखा भूकम्पले नेपाललाई फेरि एउटा पीडादायी अनुभव गरायो । ७ दशमलव ८ म्याग्निच्युडको त्यस भूकम्पले झन्डै ९ हजार जनाको ज्यान लियो, लाखौं मानिस घाइते भए र लाखौं घर ध्वस्त भए । सांस्कृतिक सम्पदाहरू नष्ट भए, हजारौं विद्यालय, स्वास्थ्य संस्था र सरकारी संरचनाहरू पूर्ण रूपमा ध्वस्त भए ।

मुख्यगरी यसरी ठूलो स्तरमा भूकम्पबाट क्षति हुनुमा एकातिर हामी प्राकृतिक रूपमा जोखिमपूर्ण अवस्थामा छौं भने अर्कातिर हाम्रा पूर्वाधारका संरचनाहरू निकै कमजोर प्रकृतिका छन् ।

नेपालमा घर, विद्यालय, अस्पताल जस्ता भवनहरू बनाउँदा भूकम्पीय जोखिमलाई ध्यानमा राख्ने परिपाटी अझै सुदृढ भइसकेको छैन । ग्रामीण भेगमा अझै कच्ची संरचना, ढुंगा-माटोका घरहरू छन्, जसले गर्दा भूकम्प आएमा धेरै ठूलो क्षति हुन सक्छ ।

शहरी क्षेत्रमा अनियन्त्रित र अराजक विकास, नक्सा स्वीकृत नगरी बनेका भवनहरू, अत्यधिक जनघनत्व र कमजोर संरचना जोखिमका मुख्य कारण छन् । भवन निर्माणको समयमा निर्माण कोडको पालना नगर्नु, प्राविधिक जनशक्तिको अभाव, स्थानीय सरकारहरूको कमजोरी र नागरिकको सचेतना अभावले यो समस्या झन् गम्भीर बनाएको छ ।

भूकम्पले भौतिक संरचनामा मात्र होइन, मानिसको जीवनशैली, मानसिक स्वास्थ्य, रोजगारी, शिक्षा र अर्थतन्त्रमा पनि असर पुर्‍याउँछ । २०७२ सालको भूकम्पपछि लाखौं मानिस बसोबासविहीन भए, सयौं विद्यालय बन्द भए, बच्चाहरूको पढाइमा वर्षौं असर पर्‍यो । आर्थिक हिसाबले हेर्दा, अर्बौंको क्षति भएको थियो । पर्यटन जस्तो महत्त्वपूर्ण क्षेत्र थला पर्‍यो, जुन नेपालको प्रमुख आम्दानीको स्रोत हो । २०७२ सालको भूकम्पपछिको पुनर्निर्माण कार्यमा राष्ट्रिय पुनर्निर्माण प्राधिकरणमार्फत सरकारले पुनर्संरचना निर्माणको काम गरिएको छ, जसमा केही सकारात्मक कामहरू भएका छन्, केही अझै पनि अलपत्र अवस्थामै छन् ।

भूकम्पप्रतिरोधी घर निर्माण, स्कुल र स्वास्थ्य संस्थाहरूको पुनर्निर्माण तथा सांस्कृतिक सम्पदाहरूको पुनर्स्थापनामा केही काम भएका छन् । यद्यपि,



पुनर्निर्माणमा ढिलाइ, बजेटको अपारदर्शिता, प्रभावित समुदायको उचित समावेशीकरणको अभाव तथा राजनीतिक हस्तक्षेपले अपेक्षाकृत काम हुन सकेन । कतिपय पुनर्निर्माणका काममा सुरुवाती समयमै सही निर्णय नलिँदा समस्या बने, जसका कारण अपेक्षाकृत काम हुन सकेन ।

नेपाल जस्तो भूकम्प सम्भावित देशमा जोखिम न्यूनीकरणका लागि दीर्घकालीन र रणनीतिक योजना आवश्यक छ । यी योजनाहरूमा निम्न कुराहरू समावेश हुनुपर्छ ।

सबैभन्दा महत्त्वपूर्ण कुरा, विद्यालयदेखि समुदायसम्म भूकम्पको जोखिमबारे जानकारी, पूर्वतयारी अभ्यास र सुरक्षित स्थानको चिनारी अत्यावश्यक छ । सँगै, नयाँ भवनहरू निर्माण गर्दा इन्जिनियरको स्वीकृति र भूकम्पप्रतिरोधी मापदण्डको पालना अनिवार्य हुनुपर्छ । पुराना संरचनाको मूल्यांकन र सुदृढीकरण गरिनुपर्छ । पुराना विद्यालय, अस्पताल र अन्य सार्वजनिक भवनहरूको जोखिम मूल्यांकन गरी सुदृढ बनाउनुपर्छ ।

प्राविधिक जनशक्ति उत्पादनमा ध्यान दिनु आवश्यक छ । इन्जिनियर, सिभिल टेक्निसियन र आपत्कालीन उद्धारकर्मीहरूलाई तालिम दिई परिचालन गर्नुपर्छ ।

सबैभन्दा बढी सरकारी तहबीचमै समन्वय नहुँदा समस्या बढेको देखिन्छ । संघ, प्रदेश र स्थानीय तहबीच स्पष्ट समन्वय हुनुपर्छ । नीति, योजना र बजेट पारदर्शी ढंगले प्रयोग हुनुपर्छ । सँगै, आपत्कालीन पूर्वतयारी प्रणाली चुस्त दुरुस्त बनाउनु अहिलेको आवश्यकता हो । भूकम्प आएपछि तुरुन्त उद्धार, उपचार, राहत र पुनर्स्थापनाका लागि तयारी योजना हुनुपर्छ ।

नेपाल सांस्कृतिक सम्पदाको धनी देश हो । २०७२ सालको भूकम्पले दरबार स्क्वायर, मन्दिरहरू, गुम्बाहरू जस्ता धेरै सम्पदा ध्वस्त गर्‍यो । यी सम्पदाहरूको पुनर्निर्माण केवल इँटा र काठ जोड्ने

> एकातिर हामी प्राकृतिक रूपमा जोखिमपूर्ण अवस्थामा छौं भने अर्कातिर हाम्रा पूर्वाधारका संरचनाहरू निकै कमजोर प्रकृतिका छन् । ग्रामीण भेगमा अझै कच्ची संरचना छन् भने शहरी क्षेत्रमा अनियन्त्रित र अराजक विकासले जोखिम बढाएको छ...

काम होइन, यो हाम्रो इतिहास, पहिचान र संस्कृतिको पुनर्स्थापना हो । अतः सम्पदा संरक्षणमा स्थानीय सीप, परम्परागत प्रविधि र सामुदायिक संलग्नता अपरिहार्य छ ।

सरकार मात्रले यस्तो ठूलो खालको जोखिम सामना गर्न सक्दैन । निजी क्षेत्र, अन्तर्राष्ट्रिय विकास साझेदार, गैरसरकारी संस्था र नागरिक समाजको सहकार्य अत्यावश्यक हुन्छ । अन्तर्राष्ट्रिय अनुभव र प्रविधिको उपयोग, आपत्कालीन उद्धार सामग्रीको भण्डारण, राहत तथा उद्धार तालिममा निजी क्षेत्रको लगानी बढ्नुपर्छ ।

निष्कर्षमा, नेपालको भौगोलिक अवस्थाले गर्दा भूकम्पको जोखिम सधैं रहने छ । तर, त्यसको प्रभावलाई न्यूनीकरण गर्न सकिन्छ- यदि पूर्वतयारी, सचेतना, नीति निर्माण र संरचनागत विकासमा दीर्घकालीन सोच अपनाइयो भने ।

भूकम्प प्राकृतिक हो तर त्यसले गर्ने क्षति हाम्रो तयारी, जिम्मेवारी र सामूहिक प्रयासमा निर्भर गर्छ । अबको नेपालले विगतका गल्तीबाट सिकेर सुरक्षित, प्रतिरोधी र सहनशील समाज निर्माण गर्नुपर्छ । यस कार्यमा सबै तहका सरकार, निजी क्षेत्र, नागरिक समाज र आमनागरिकको संयुक्त भूमिका अपरिहार्य छ । भूकम्पको जोखिमसँग जुध्न सक्ने नेपाल निर्माणका लागि आजैदेखि सही दिशा र दृष्टिकोण आवश्यक छ ।

## इतिहासमा आज

२५ अप्रिल १९९० मा भियोलेटा चामोरोले निकारागुआको राष्ट्रपतिका रूपमा पदभार ग्रहण गरेकी थिइन् । उनी यो पद धारण गर्ने पहिलो महिला हुन् ।



२५ अप्रिल २००५ मा जापानको अमागासाकी स्टेसन नजिकै ७ डब्बाको यात्रुबाहक रेल पटरीबाट खसेर एउटा अपार्टमेन्ट भवनमा ठोक्किएको थियो, जसमा चालकसहित १०७ जनाको मृत्यु भएको थियो ।



२५ अप्रिल २००५ मा बुल्गेरिया र रोमानियाले युरोपेली संघमा सामेल हुने सन्धिमा हस्ताक्षर गरेका थिए ।



२५ अप्रिल २०१५ मा नेपालमा ७ दशमलव ८ म्याग्निच्युडको भूकम्पमा परी कम्तीमा ८ हजार ९६२ जनाको मृत्यु भएको थियो ।



# भूकम्पबाट सिक्नुपर्ने पाठ

विचार



● उत्तम कार्की

> भूकम्प आउँछ कि आउँदैन भन्नेमा नभई, कहिले आउँछ भन्ने मानसिकतासहित तयार रहनु नै सबैभन्दा बुद्धिमानी हुने छ...

आजकै दिन १२ वैशाख २०७२ मा गोर्खा केन्द्रबिन्दु भएर ७ दशमलव ८ म्याग्निच्युडको विनाशकारी भूकम्प गएको थियो । १० वर्षअघि गएको त्यो भूकम्पको प्रभाव भने अहिलेसम्म पनि कायमै छ । उक्त भूकम्पबाट क्षतिग्रस्त बनेका कतिपय संरचना अहिलेसम्म पनि बन्न सकेका छैनन् । उक्त भूकम्प र त्यसपछिका भूकम्पको पनि प्रभाव कायमै रहेका कारण हामीले सचेततापूर्वक शिक्षा लिन आवश्यक छ ।

विगतका भूकम्पबाट के शिक्षा प्राप्त भयो भन्ने निक्र्योल नगरीकन हामी भूकम्पको जोखिमबाट पार पाउन सक्दैनौं । विगतमा हामीले बेहोरेको क्षति निकै ठूलो छ । त्यस कारण विशेषगरी निर्माणको सन्दर्भमा के-कस्ता प्रावधान बनाउने, पूर्वतयारीका सन्दर्भमा के-कस्तो संरचना बनाउने भन्ने कुरा तय हुनु आवश्यक छ ।

मुख्यगरी हामीले भवन निर्माणका सन्दर्भमा वैज्ञानिक खालको आचारसंहित आउनुपर्छ, जसलाई कडाइका साथ पालना गर्ने परिपाटीको आवश्यकता देखिन्छ । यसबारे यस लेखमा चर्चा गर्ने प्रयास गरिएको छ ।

भूकम्प एक प्राकृतिक प्रकोप हो, जसको समय, स्थान र तीव्रता पूर्वानुमान गर्न कठिन हुन्छ । नेपाल जस्तो भूकम्पको उच्च जोखिम रहेको मुलुकमा भूकम्पको पूर्वतयारी गर्नु अत्यन्तै आवश्यक र जीवनरक्षात्मक हुन्छ । भूकम्पको पूर्वतयारी भन्नाले केही खाद्यान्न संकलन गर्नु वा घरबाहिर भाग्नु मात्र होइन, यो एक समग्र प्रक्रिया हो, जसमा व्यक्तिगत, पारिवारिक, सामुदायिक र सरकारी स्तरमा विभिन्न उपायहरू अपनाउनुपर्छ ।

सबैभन्दा पहिला त मानिसहरूमा चेतना र जानकारी हुनु जरुरी हुन्छ । भूकम्प के हो, यसको असर कस्तो हुन्छ, कहिल्यै नसोचेको क्षति कति हुन सक्छ भन्ने कुरा स्पष्ट बुझेपछि मात्र मानिसहरू तयार हुन्छन् । यसका लागि विद्यालय, समुदाय तथा सार्वजनिक संस्थाहरूमा नियमित अभिमुखीकरण, अभ्यास र तालिम संचालन गरिनुपर्छ ।

विशेषगरी बालबालिका, वृद्ध, अपांग र महिला जस्ता समूहहरूलाई लक्षित गरेर सजिलो भाषामा बुझाउने खालका सामग्री र कार्यक्रमहरू हुनु जरुरी छ ।

पूर्वतयारीको अर्को महत्त्वपूर्ण पक्ष हो- संरचनागत तयारी । घर बनाउँदा भूकम्पप्रतिरोधी प्रविधिको प्रयोग गर्नु आवश्यक हुन्छ । निर्माणमा संलग्न इन्जिनियर, मेसिन र घरधनीहरूलाई भूकम्पप्रतिरोधी निर्माणका मापदण्डहरूको जानकारी गराइनुपर्छ । पुराना घरहरूको अवस्थाको मूल्यांकन गरेर सम्भाव्य जोखिम रहेका भवनहरूको सुदृढीकरण गरिनुपर्छ ।

साना त्रुटिहरूले पनि ठूलो दुर्घटना निम्त्याउन सक्छन् त्यसैले स-साना चिजहरू पनि ध्यान दिनुपर्छ, जस्तै : भारी फर्निचरहरू पर्खालमा टाँस्नु, ग्यास सिलिन्डर सुरक्षित राख्नु, बिजुलीका तारहरू राम्ररी व्यवस्थापन गर्नु ।

परिवारस्तरमा तयारी गर्दा एक आपत्कालीन योजना तयार गर्नु आवश्यक हुन्छ । भूकम्प आउँदा के गर्ने, कहाँ जम्मा हुने, कसरी एकअर्कासँग सम्पर्क गर्नेजस्ता कुराहरू परिवारभित्र स्पष्ट गरिनुपर्छ । प्रत्येक सदस्यलाई थाहा हुनुपर्छ कि आपत्कालमा कसरी आफूलाई सुरक्षित राख्ने ? आपत्कालीन झोला तयार गर्नु अर्को महत्त्वपूर्ण कार्य हो, जसमा पिउने पानी, सुख्खा खाद्यान्न, प्राथमिक उपचार सामग्री, टर्च लाइट, ब्याट्री, मोबाइल चार्जर, व्यक्तिगत औषधि, कागजातहरू, साना बालबालिकाका लागि आवश्यक सामग्री र केही नगद रकम हुनुपर्छ । यस्तो झोला सजिलै भेटिने ठाउँमा राख्नुपर्छ ताकि आपत्मा तत्काल प्रयोग गर्न सकियोस् ।

भूकम्पको समयमा के गर्ने भन्ने कुराको पनि पूर्वतयारी गर्नु आवश्यक हुन्छ । झस्का सुरु भएपश्चात भाग्नुभन्दा सुरक्षित ठाउँमा लुक्नु बढी सुरक्षित हुन्छ । 'ड्रप, कभर, होल्ड' भन्ने सिद्धान्त लागू गर्नुपर्छ । अर्थात्, घुँडा टेकेर बस्ने, टेबल जस्ता बलिया संरचनाको तल लुक्ने र त्यसलाई मजबुत रूपमा समात्ने । यदि कोठाभित्र हुनुहुन्छ भने झ्याल र किताबपल्टे ढोकाबाट टाढा रहनु राम्रो हुन्छ । तर, यदि तपाईं बाहिर हुनुहुन्छ भने खुल्ला ठाउँमा जानु, विद्युतीय पोल वा भवनबाट टाढा रहनुपर्छ । गाडीमा हुनुहुन्छ भने सुरक्षित स्थानमा रोक्नुपर्छ, पुल वा उकालो ठाउँमा रोक्नु हुँदैन ।

सामुदायिक तहमा आपसमा सहयोग गर्नुपर्ने अवस्था आउँछ । त्यसैले, छिमेकीहरूसँग मिलेर आपत्कालीन तयारी गर्नु राम्रो हुन्छ । सामूहिक रूपमा 'रिस्क म्याप' बनाउनुपर्छ । कुन ठाउँ बढी जोखिममा छ, कुन ठाउँमा सुरक्षित खुल्ला स्थानहरू छन्, कुन सदस्यलाई के जिम्मेवारी दिने भन्ने कुरा पूर्वनिर्धारण गर्नु उपयुक्त हुन्छ । सामुदायिक केन्द्रहरूमा आपत्कालीन सामग्रीको भण्डारण गर्न सकिन्छ, जसले ठूलो राहत पुर्‍याउन सक्छ ।

सरकारी स्तरमा पनि पूर्वतयारी महत्त्वपूर्ण हुन्छ । सरकारले विद्यालय, अस्पताल, प्रहरी चौकी, कार्यालय जस्ता सार्वजनिक संरचनाहरूको निरीक्षण गरी सुदृढीकरण गर्नुपर्छ । पूर्वसूचना प्रणाली, आपत्कालीन सम्पर्क केन्द्र, उद्धार टोली, राहतको उचित भण्डारण तथा वितरण प्रणाली तयार हुनुपर्छ ।

यस्तै, नक्सा पास गर्दा भूकम्पप्रतिरोधी मापदण्ड पालना गरिएको छ कि छैन भन्ने अनुगमन गर्नुपर्ने हुन्छ । साथै, संचार माध्यम, रेडियो, टेलिभिजन र सामाजिक संजालमार्फत सतर्कता र जानकारी दिन सक्ने व्यवस्था हुनुपर्छ ।


भूकम्पको पूर्वतयारी केवल एक पटक गरिने प्रक्रिया होइन । यो निरन्तर अभ्यास र अद्यावधिक गरिरहनुपर्ने प्रक्रिया हो । हरेक वर्ष कम्तीमा एक पटक भूकम्प तयारी अभ्यास (मोक ड्रिल) गरिनुपर्छ । परिवार, विद्यालय, कार्यालय, समुदाय सबै तहमा यस्ता अभ्यासले आपत्कालमा कसरी व्यवहार गर्ने भन्ने क्षमता बढाउँछ । निष्कर्षमा, नेपालले २०७२ साल र त्यसयताका भूकम्पहरूबाट धेरै खालका पाठ सिक्न आवश्यक छ । भूकम्प आउँछ कि आउँदैन भन्नेमा नभई, कहिले आउँछ भन्ने मानसिकतासहित तयार रहनु नै सबैभन्दा बुद्धिमानी हुने छ । सचेत नागरिक, सुदृढ संरचना, सामूहिक सहकार्य र नीतिगत प्रतिबद्धतामार्फत मात्र हामीले भूकम्पबाट हुने क्षति न्यूनीकरण गर्न सक्छौं ।

## सामाजिक सञ्जाल




**शिव दाहाल**

सरकारको नेतृत्व गरेको छ, गर्नुपर्नेभन्दा नगर्नुपर्ने काममा चासो बढी छ । दिनहुँ सार्वजनिक अभिव्यक्तिमा उखान टुक्का र खिसिटचुरीबाहेक काम लाग्ने केही छैन । तैपनि, चरणदासहरू टुक्का र छेडछाड सुनेर ताली बजाइरहेकै छन् । राजनीतिक नेतृत्व सुध्रिने र देश बन्ने संकेत यही त होला नि !



**प्रशान्त अर्याल**

राष्ट्र बैंकलाई रमिता बनाइएको छ, जग हँसाइ छ । विश्वविद्यालय का.मु.का भरमा चलेको छ । करिब महिना दिनदेखि शिक्षकको सडक कब्जाले नागरिकले दुःख पाइरहेछन् । तर, झण्डै दुई तिहाइको सर्वाधिक शक्तिशाली भनिएको सरकारका मुखिया भने दिनदिनै 'फत्तुर गफ' जोतेर समय कटाइरहेछन्, धत् !



**गेजा शर्मा वाग्ले**

कक्षा १ देखि १० सम्मको परीक्षा भयो तर रिजल्ट भएको छैन, कक्षा १२ को परीक्षा नै अनिश्चित छ, शिक्षक हडतालमा, विद्यालय बन्द, सरकार गैरजिम्मेवार, शिक्षक पनि असंवेदनशील, विद्यार्थी कति ठूलो मानसिक तनाव र पीडामा होलान् ? देश, सरकार, दल, नेताप्रति ती विद्यार्थीको धारणा के होला ? कसैले सोचेको छ ?



**गुरूराज घिमिरे**

देशलाई सुशासनको प्रत्याभूति दिने प्रमुख शर्तका साथ गठित वर्तमान कांग्रेस-एमाले सरकारका प्रधानमन्त्री केपी शर्मा ओलीको अध्यक्षतामा सुशासन आयोग बनाउने विषय निकै उदेकलाग्दो छ । संसद्का सर्वाधिक ठूला २ पार्टी मिलेर सरकार बनाउनुपर्ने अस्वाभाविक आवश्यकता नै सुशासनका लागि थिएन र ? अनि, फेरि अर्को नाटक किन ?

## एनआरएनए साउदीको कार्य प्रगति

# ५२ हजार बढी श्रमिक प्रत्यक्ष लाभान्वित

**अन्जान गुभाजु/मध्यान्ह**
साउदी अरब, ११ वैशाख

गैरआवासीय नेपाली संघ, राष्ट्रिय समन्वय परिषद् (एनआरएनए-एनसिसि) साउदी अरबले नवौं राष्ट्रिय अधिवेशन (२०२३-२५ कार्यकाल) पश्चात सामाजिक सेवामा उल्लेखनीय योगदान दिँदै आएको छ ।

रबिना अर्यालको नेतृत्वमा निर्वाचित कार्यसमितिले 'परं परोपकारार्थं यो जीवति स जीवति'भन्ने मूलमन्त्रलाई आत्मसाथ गर्दै जनहितमा समर्पित कार्यहरू गरिरहेको छ । साउदीको रियादस्थित राजदूतावास र जेद्धास्थित महावाणिज्य दूतावासको समन्वयमा देशका प्रमुख शहरहरू दमाम, जुबेल, रियाद, अलकासिम, जिजान, आब्बा, खमिस, ताबुक र जेद्धामा राहदानी शिविर र श्रमिक सचेतना कार्यक्रमहरू सञ्चालन गरिएको छ ।

यसअन्तर्गत ३० हजार, ९१७ जनालाई राहदानी वितरण तथा २१ हजार ५६४ जनाको प्रि-इन्लोल्मेन्ट अनलाइन फारम संकलन गरिएको छ ।

साथै, अलकासिम र जेद्धामा सञ्चालन गरिएको निःशुल्क स्वास्थ्य शिविरबाट २७९ जना लाभान्वित भएका छन् ।

श्रमिक पीडितहरूका लागि समेत संघले उल्लेखनीय काम गर्दै आएको छ ।

५ जना श्रमिकलाई एकतर्फी हवाई टिकट प्रदान गरिएको छ भने २८ जनाभन्दा बढी श्रमिकलाई राहत वितरण र स्वदेश फिर्तीमा सहजीकरण गरिएको छ । हालसम्म कुल ५२ हजार ५१४ जना प्रवासी नेपाली श्रमिक प्रत्यक्ष रूपमा लाभान्वित भएका छन् ।

संघअन्तर्गतका ६ क्षेत्रीय समन्वय समितिहरूको सहकार्यमा विभिन्न शहरहरूमा 'श्रमिक समस्या समाधानमा नेपाली राजदूतावास र सामुदायिक संस्थाको भूमिका' विषयक अन्तरक्रिया कार्यक्रमहरू पनि सम्पन्न गरिएको छ ।

नेपालमा गएको प्राकृतिक विपत्तिपछिको उद्धार तथा सहयोगका लागि संघले ३ लाख ८१ हजार २२७ रूपैयाँ र २ लाख ७० हजार ८४९



रूपैयाँ गरी केन्द्रमा राहत रकमान्तर गरेको छ । साथै, कार्यकालअवधिमा निधन भएका दुई सदस्यका परिवारलाई जनही ५० हजार रूपैयाँ राहत प्रदान गरिएको छ ।

जेद्धास्थित महावाणिज्य दूतावासको नेतृत्वमा दुर्गाबहादुर सुनारको उद्धारका लागि १५ हजार ८१७ साउदी रियाल, दामोदर क्षेत्रीको उद्धारमा ३ हजार ५०० रियाल, एक श्रमिकको जरिवाना भुक्तानीमा १ हजार ५०० रियाल, सडक दुर्घटनामा खुट्टा गुमाएका जनकलाल वाईवाललाई २ हजार ९५८ रियाल सहयोग गरिएको छ ।

'वाफ च्यापियनसीप २०२४'मा सहभागी नेपाली महिला फुटबल टोलीलाई जेद्धा क्षेत्रीय समिति र स्थानीय संघसंस्थाको सहकार्यमा ६ हजार ७२१ साउदी रियालसहित सम्मानपत्र प्रदान गरिएको छ ।

संघले हालसम्म करिब १७ लाख ८१ हजार ४३५ रूपैयाँ बराबरको आर्थिक राहत तथा सहयोग वितरण गरेको छ । साथै, ११ वटा बैठक सम्पन्न गरी वैदेशिक रोजगारीका सवालमा श्रमिकहितका लागि नीति तथा ऐनको कार्यान्वयन गर्न उच्च तहमा ज्ञापनपत्र बुझाइएको छ ।

साउदीको पूर्वी प्रान्तमा वाणिज्य दूतावास वा श्रमिक सम्पर्क कार्यालय स्थापनाको माग गर्दै परराष्ट्र मन्त्रालयमार्फत औपचारिक निवेदन समेत बुझाइएको छ ।


### हकदावी सम्बन्धी ३५ दिने सूचना

कम्पनी ऐन २०६३ बमोजिम मिति २०७६/०५/०५ मा दर्ता भएको **प्रा.लि. नं. २२२१२९** को **फिन्हब बिज्नेश सोलुसन प्रा.लि.** को मिति २०८२/०१/१० गतेमा सम्पन्न विशेष बैठकको निर्णय बमोजिम कम्पनी ऐन २०६३ को दफा १२६ बमोजिम स्वेच्छिक खारेजी लिक्विडेशनमा लैजाने निर्णय गरेकोले यस कम्पनीसँग कोही कसैलाई कुनै किसिमको लेनदेन बाँकी बक्यौता रहेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा निम्न लिखित लिक्विडेटरको कार्यालयमा हकदाबी गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना जारी गरिएको छ ।

**लिक्विडेटरः शेर बहादुर रोकाया,**
**इजाजतपत्र नं. २८७, फोन नं. ९८५११६३७२३**

### हकदावी सम्बन्धी ३५ दिने सूचना

कम्पनी ऐन २०६३ बमोजिम मिति २०६८/०३/१३ मा दर्ता भएको **प्रा.लि. नं. ८४२२९** को **स्काई सोरा प्रा.लि.** को मिति २०८२/०१/१० गतेमा सम्पन्न विशेष बैठकको निर्णय बमोजिम कम्पनी ऐन २०६३ को दफा १२६ बमोजिम स्वेच्छिक खारेजी लिक्विडेशनमा लैजाने निर्णय गरेकोले यस कम्पनीसँग कोही कसैलाई कुनै किसिमको लेनदेन बाँकी बक्यौता रहेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा निम्न लिखित लिक्विडेटरको कार्यालयमा हकदाबी गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना जारी गरिएको छ ।

**लिक्विडेटरः निलम प्रसाद गौतम**
**इजाजतपत्र नं. ३९८, फोन नं. ९८५११५८६८७**

### नाम परिवर्तन गरिएको सूचना

**तेस्रो पटक प्रकाशित मिति : २०८२/०१/१२**
यस कम्पनी २०८१/०९/२६ मा सम्पन्न विशेष साधारणसभाको निर्णय बमोजिम साविकको क्लिक सर्कल अफ फोटो भिडियो एण्ड इडिटिङ्ग प्रा.लि.को नाममा रहेको सम्पूर्ण चल-अचल सम्पत्ति तथा तिर्न व्यहोर्न पर्ने ऋण, कर, धन दायित्व आदि परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने गरी श्री कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०८१/१२/३१ गते को पत्रअनुसार कम्पनीको नाम परिवर्तन गरी **चिनो प्रोडक्शन प्रा.लि.** (२२१५४९) कायम गरिएको व्यहोरा जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।



## बरहथवा नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
**बरहथवा, सर्लाही**
**मधेश प्रदेश, नेपाल**

### नगर प्रहरी सेवा करारमा लिने सम्बन्धी सूचना

**(पहिलो पटक प्रकाशित मितिः २०८२/०१/१२)**

यस नगरपालिकामा देहाय अनुसार नगर प्रहरीका पदमा खुल्ला प्रतिस्पर्धाद्वारा सेवा करारमा पदपूर्ति गर्न आवश्यक भएकोले योग्यता पुगेका ईच्छुक नेपाली नागरिकहरुबाट तोकिएको ढाँचामा यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र उम्मेदवार स्वयम् उपस्थित भई रितपुर्वक दरखास्त फारम भरी नगर कार्यपालिकाको कार्यालयमा पेश गर्न यो सूचना प्रकाशित गरिएको छ ।

| विज्ञापन नं. | पद र तह | पद संख्या | न्यूनतम शैक्षिक योग्यता | उमेर |
|---|---|---|---|---|
| ११-०८१/८२ | नगर प्रहरी हवल्दार, (सहायक तृतीय सरह) | १ खुल्ला<br>१ महिला | मान्यता प्राप्त शैक्षिक संस्थाबाट SLC/SEE कक्षा वा सो सरह उत्तिर्ण गरेको | १८ बर्ष उमेर पुरा भई ३५ बर्ष ननाघेको तर खुल्ला प्रतियोगितामा भाग लिने बहालबाला नगर प्रहरीको हकमा ४० बर्ष ननाघेको |
| १२-०८१/८२ | नगर प्रहरी जवान, (श्रेणीविहिन सरह) | ३ खुल्ला<br>१ महिला<br>१ दलित | मान्यता प्राप्त शैक्षिक संस्थाबाट ८ कक्षा वा सो सरह उत्तिर्ण गरेको | १८ बर्ष उमेर पुरा भई ३५ बर्ष ननाघेको |

**नोट** : स्थानीयलाई प्राथमिकता दिईनेछ ।

१. दरखास्त फारम पेश गर्ने अन्तिम मितिः २०८२/०१/२६ गतेसम्म र सो दिन सार्वजनिक विदा परेमा भोलिपल्ट कार्यालय समयभित्र ।
२. दरखास्त फारम पाईने र बुझाउने स्थानः बरहथवा नगरपालिका कार्यालय ।
३. दरखास्त फारम दस्तुरः नगर प्रहरी हवल्दारको लागि रु ५००/-, नगर प्रहरी जवानका लागि रु ३००/- र समावेशीको हकमा थप रु. १००/- (प्रति समावेशी पद) बरहथवा नगरपालिकाको राजश्व शाखामा रकम जम्मा गरेको सक्कल भौचर दरखास्त फाराममा सँलग्न गरि पेश गर्नुपर्नेछ ।
४. छनौट प्रक्रिया :-
(क.) पहिलो चरण - शारीरिक तन्दुरुस्ती परिक्षण, (ख.) दोश्रो चरण - लिखित परिक्षा (ग.) तेस्रो चरण - अन्तर्वार्ता
५. आवश्यक कागजातहरु :
क. नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि,
ख. शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपिहरु,
ग. मान्यता प्राप्त स्वास्थ्य संस्थाले दिएको निरोगिताको प्रमाणपत्रको प्रतिलिपिहरु ।
घ. सम्बन्धित वडा/ईलाका प्रहरी कार्यालयबाट हालसालै जारी भएको चारित्रिक प्रमाणपत्र ।
ङ. समावेशीको हकमा सम्बन्धित निकायबाट प्रमाणित कागजातको प्रतिलिपि ।
६. अन्य शर्तहरुः
क. पुरुषको हकमा घटीमा उचाई ५ फिट ३ ईन्च, छाती नफुलाउँदा ३१ फुलाउँदा ३३ ईन्च, तौल ५० के.जी र महिलाको हकमा घटीमा उचाई ५ फिट र तौल ४२ के.जी
ख. आँखा माईनस दुई र प्लस दुईभन्दा बढी कमजोर नभएको,
ग. कुनै पनि नैतिक पतन हुने फौजदारी अभियोगमा सजाय नपाएको,
घ. अन्य कुराहरु बरहथवा नगरपालिकाको नगर प्रहरी संचालन तथा व्यवस्थापन सम्बन्धी कार्यविधि २०७५ बमोजिम हुनेछ ।
७. आवश्यक न्यूनतम योग्यता, परीक्षा विधि/ परीक्षा कार्यक्रम र अन्य विस्तृत कार्यक्रम लगायत अन्य विवरण तथा जानकारी बुझ्नुपरेमा कार्यालयको वेभसाईट www.barhathwamun.gov.np तथा कार्यालयको सूचना पाटी वा प्रशासन शाखामा सम्पर्क गर्नुहुन जानकारी गराइन्छ ।

**अध्यक्ष**
**नगर प्रहरी पदपूर्ति समिति**



**नेपाल सरकार**
**खानेपानी मन्त्रालय**
## खानेपानी तथा ढल व्यवस्थापन बिभाग
## संघीय खानेपानी तथा ढल व्यवस्थापन आयोजना
**कंचनपुर**

### बोलपत्रको प्राबिधिक प्रस्ताब स्वीकृत /आर्थिक प्रस्ताव खोल्ने सम्बन्धी सूचना

**सूचना प्रकाशन मिति : २०८२/०१/१२**

यस आयोजनाको मिति २०८१/११/२८ मा प्रकाशित सूचना अनुसार तपसिलका ठेक्का नम्बरको प्राविधिक प्रस्तावको मूल्यांकन गर्दा सफल भएका बोलपत्रहरुको आर्थिक प्रस्ताव निम्न तोकिएको मिति, समय र स्थानमा खोलिने भएको हुनाले सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ३१ज. बमोजिम सम्बन्धित बोलपत्रदाताहरुको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

**तपसिल**

| ठेक्का नं | कार्यक्रमको विवरण | प्राविधिक प्रस्तावमा छनौट भएका बोलपत्रदाताको नाम र ठेगाना | आर्थिक प्रस्ताव खोलिने मिति, समय र स्थान |
|---|---|---|---|
| 03/081/082 /fwssmp/ kanchanpur /Works | Construction of Entire Works of Shankarpur Hunainath Water Supply Project, Darchula | 1) Kinara Nirman Sewa, Jayaprithiv municipality-10 Bajhang<br>2) JSBNTD-PNS JV, Krishnapur municipality-02 Kanchanpur<br>3) L.B. and A.B Builders Pvt. Ltd., Dhangadi Kailali | मितिः- २०८२/०१/१९<br>समयः- दिनको १:०० बजे<br>स्थानः- संघीय खानेपानी तथा ढल व्यवस्थापन आयोजना, कंचनपुर । |

**आयोजना प्रमुख**



### युएईमा रोजगार
कम्पनीः GORKHA HOSPITALITY SERVICES — शहरः UAE
पूर्व स्वीकृत मितिः २०८२/०१/११ — चलानी नं.: ६०२३६५९० — LT. No.: 322562

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaner General | 15 | 0 | सम्बन्धित काममा दक्ष | 800 | २९,७०४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Packers | 10 | 0 | | 800 | २९,७०४ | | | | | | | |
| 3. | Plumber | 0 | 1 | | 1200 | ४४,५५६ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ बैशाख १९ गते (2 May 2025) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफूसँग राख्नु होला । ६. कामका लागि विदेश जाँदा नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**PRATIK HUMAN RESOURCE PVT. LTD.** श्रम इजाजत नं. १५४१/०७८/०७९
Sinamangal - 9, Kathmandu, Nepal -Tel: 977-01-5913092, 9813467879, 9810171570
Email: pratikhumanr@gmail.com, Web.: www.pratikhumanresource.com

### UAE मा रोजगार
AL GURG BUILDING SERVICES CO. LTD.
पूर्व स्वीकृती मितिः २०८२/०१/११ — चलानी नं. : ६०२३६५४४ — LT No.: 322513

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | Factory Worker | 2 | [illegible] | 800 | २९,९००/- | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता २०८२ बैशाख १९ गते (2 May, 2025) यस प्रा. लि. को कार्यालय ललितपुरमा हुनेछ ।

**साउण्डलाईन्स रिक्रुटमेण्ट प्रा. लि.** श्रम इजाजत नं.: ५५२/०६२/०६३
पो.ब.नं. २४७८०, ताल्चिखेल -१४, महालक्ष्मीस्थान चोक (लुम्बीनी बिकास बैंक पछाडी), ललितपुर
फोन नं. : ०१-५१९३२३६, ५१९३२३७, ५१९३२३८, ५१९३२३९, E-mail : nepal@soundlinesgroup.com
CREATING VALUE THROUGH PEOPLE

### युएईमा रोजगार
कम्पनी: INFRABUILD TECHNICAL SERVICE LLC — शहरः DUBAI
पूर्व स्वीकृत मितिः २०८२/०१/११ — चलानी नं.: ६०२३६५७७ — L.T. No.: 322497

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Tile Mason | 14 | 0 | स. काममा दक्ष | 1200 | ४४,५५६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ बैशाख १९ गते (2 May 2025) मा हुनेछ ।

